# प्रदेश सभा

# गण्डकी प्रदेश

# दशौं अधिवेशन

# (पच्चिसौँ बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मिति : २०७९।०३।२८ गते ।

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठक माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको १२ बजेर २२ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, आजको वैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखेलले सभालाई संवोधन गर्न समय माग गर्नुभएकोले सर्वप्रथम म माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेललाई सभालाई संवोधन गर्न अनुमति दिन्छु ।

**माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेल**

माननीय सभामुख महोदय, आज हामी गण्डकी प्रदेश सरकारले प्रस्तुत गरेको ०७९।८० को बजेटको सन्दर्भमा विनियोजन विधेयकमाथि छलफलका क्रममा नै छौं। यो सभामा विनियोजन विधेयकका विषयमा माननीय सदस्यज्यूहरुले विभिन्न कोणबाट यसलाई हेर्नुभएको छ, चिरफार गर्नुभएको छ, सुझावहरु दिनुभएको छ, यसको लागि म धन्यवाद दिन चाहन्छु । बजेटका सम्बन्धमा मैले एउटा मात्रै के निवेदन गर्न चाहन्छु भने, हामीले जुन व्यवस्थालाई अगिंकार गरेका छौं संघीय लोकतान्त्रिक गणतन्त्र यसका सरकार निर्माणका आफ्नै प्रकृयाहरु छन्, राजनीति परिवर्तनका साथसाथै सरकार परिवर्तन हुनु पर्ने अवस्था पनि आउँछ त्यही अनुरुप हाम्रो गण्डकी प्रदेशमा पनि सरकार परिवर्तन भयो । आज मेरो नेतृत्वको सरकारले यो ०७९/८०

को बजेट ल्याएको छ । निश्चित रुपमा हिजोका दिनमा पनि बजेट आउँदै गर्दा, बजेटलाई हेर्ने दृष्टिकोण हामी विपक्षमा हुँदा पनि हाम्रा आफ्नै दृष्टिकोण रहे, आफ्नै असन्तुष्टीहरु रहे, उक्त बजेटमा पनि हामीले हेर्यौं सन्तुलनको अभाव रह्यो । २—३ जिल्लामा मात्रै बजेटहरु एलोकेट भएको पनि हामीले पनि पायौं तर त्यतिखेरको सरकारको आफ्नो कार्यक्रम थियो त्यसलाई हामीले स्वीकार यौं । अहिले पनि बजेट निर्माणका सन्दर्भमा, गठवन्धनको सरकारको प्रायोरटी अथवा हाम्रो एउटा उद्देश्य, सरकार निर्माण गर्दाका प्रतिवद्धताहरु, विविध कुराहरुका कारणले हामीले अहिले ल्याएको बजेटलाई हेर्ने प्रतिपक्षको दृष्टिकोण नमिल्न सक्छ, यसलाई स्वभाविक रुपमा लिनुपर्छ ।

म यति मात्रै के भन्न चाहन्छु भने, जसरी विगतमा हामीले यो प्रदेश  सभामा जुन अभ्यास जुन मिठासपूर्ण तरिकाले गरेका छौं, अहिलेको हाउसमा कता कता त्यो भएन कि भन्ने मलाई  लाग्छ । माननीय सभामुख महोदयले कतिपय रुलिंग गर्नु पर्ने अवस्था पनि आएको थियो । म मेरो यही मात्रै अनुरोध । अब प्रतिपक्षका साथीहरुलाई पनि भन्न चाहन्छु, यो संवैधानिक क्रममा कहिले को लेफ्ट हो ? को राईट ? यसलाई ध्यान नदिइकन तपाईं हामी जनताको प्रतिनिधि हौं, हामी समाजलाई नेतृत्व दिन आएका छौं, हामी चाहे सत्तामा रहुँ चाहे बाहिर रहुँ, हाम्रा विचको असल पार्लियामेन्ट निरन्तर प्राक्टिस छ । त्यो प्राक्टिसमा कमी आउनु हुनुहुँदैन किनभने निश्चित रुपमा ५ महिना पछि हामी फेरी जनताको बिचमा जान्छौं । हामी कति अनुवन्धित भएर आइएला, कति नआइएला ? नआउँदै गर्दा पनि हामी यही भूगोलमा राजनीति गर्ने हो ।

यस अर्थमा, म माननीयज्यूहरुसँग मेरो अनुरोध के छ भने, मन्त्रालयगत छलफलमा होस्, या कुनै कुराहरुमा रहँदै गर्दा पनि कमसे कम म भन्न चाहन्छु, अहिले उहाँ उपस्थित हुनुहुन्न । हाम्रो प्रमुख प्रतिपक्ष दलको नेता जो हुनुहुन्छ, सरकार परिवर्तनकै क्रममा व्यक्तिगत फैसला बढी छोयो भने मलाई लाग्छ उहाँलाई छुनुपर्छ, तर उहाँले जुन एउटा डेमोक्रयाटीक शालिनता देखाउनु भयो, हाम्रा लागि अनुकरणीय रह्यौ म अपिल गर्न चाहन्छु, अबका दिनमा पनि हामी असल प्राक्टिसमा हामी जाऔं, म यति

मात्रै भन्न चाहन्छु । यति भनिकन सभामुख महोदय, मैले आज सभामुख महोदय समक्ष विशेष समय मागें, दिनुभयो यसको लागि म धन्यवाद दिन चाहन्छु । त्यो के भन्दाखेरी, हाम्रो अहिलेको वार्षिक कार्यक्रममा प्रकाशित केही कार्यक्रमहरु खासगरीकन गोवद्र्धन शर्मामिमोरियल ट्रष्ट लगायतका प्रतिष्ठान ट्रष्टका विषयलाई लिएर जुन एउटा समाजमा यो सामाजिक सञ्जाल मिडियामा र हाम्रो प्रतिपक्षमा रहनुभएका साथीहरु सबैले जुन एउटा चासो राख्नुभयो, उठाउनु भयो, कतिपय कुराहरु यसलाई क्लियर गर्नु पर्ने मैले महसुस गरेर मैले यो समय मागेको छु।

सभामुख महोदय, म एउटा स्मरण गराउन चाहन्छु र यो सभामा एउटा प्रश्न राख्न चाहन्छु, यो देशमा परिवर्तन ल्याउनको लागि, यो देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नको लागि आजसम्म हजारौं सहिद, हजारौं व्यक्तिहरुले साहदत प्राप्त गर्नुभएको छ यो हामी सबैलाई थाहा छ र त्यस्ता हजारौं व्यक्तिहरु पनि हुनुहुन्छ साहदत प्रत्यक्ष प्राप्त गर्नुभएन, एउटै मोर्चामा लड्दा लड्दै एउटा साथी मरेको छ, अर्को साथी बाँचेको छ । एउटा आन्दोलनमा प्रहरीको गोली त्यतिखेर कोही ढलेको छ, कोही ढलेको छैन । आज ढलेकाहरु सहिद घोषित हुनुभयो, उहाँहरुप्रति हाम्रो सम्मान छ, हामीले दिनुपर्छ । कुन पार्टीको थियो ? कुन विचारको थियो ? त्यो गौण कुरा हो। हामीले यो मुलुकमा आमूल परिवर्तनका लागि लड्ने सन्दर्भमा जसजसले साहदत गर्नुभयो उहाँमा सम्मानयुक्त उहाँलाई सलाम गर्नुपर्छ ।

साथसाथै इतिहासमा त्यस्ता पनि व्यक्तिहरु हुनुहुन्छ, जो न राष्ट्रको कुनै पदमा बस्नुभयो ? जो जसले जिन्दगीभर आफ्नो व्यक्तिगत कुरातिर लाग्नुभएन यो समाज परिवर्तनको लागि, लोकतन्त्रको लागि, नेपाललाई एउटा परिवर्तन गर्नको लागि दिनुभयो, यस्ता व्यक्तिलाई राष्ट्रले या प्रदेशले सम्झिने कि नसम्झिने ? एउटा प्रश्न छ । आज वि.पी. कोइरालालाई छोडिदिउँ उहाँ प्रधानमन्त्री हुनुभएको थियो । पृष्पलाल के हुनुभएको थियो ? केही हुनु भएन । गणेशमानजी उहाँ सरकारी पदमा जानुभयो ? जानुभएन । देशकै लिएर यस्ता धेरै व्यक्तित्व हुनुहुन्छ, जसलाई हामीले सम्मान गरेका छौं, गर्नुपर्छ, र त्यो केन्द्रीय सरकारले गरिआएको पनि छ त्यो भनेको के हो भन्दा उहाँहरुको नाउँमा विभिन्न प्रतिष्ठान छन्, संस्थाहरु छन् ती संस्थाहरुलाई केन्द्रीय

सरकारले करोडौं रुपैयाँ दिएको अवस्था छ किन ? कि परिवारलाई बाँडेर खान दिएको होइन, परिवारले खान बनाएको पनि होइन । ती व्यक्तिहरुको नामलाई फ्युचरमा त्यो एउटा अमर रहोस् भन्ने दृष्टिकाणबाट त्यस्ता प्रतिष्ठानहरु बनेका हुन्छन्, त्यहाँ सहयोग पुगेको हुन्छ, यो ०४६ साल यताको इतिहास हेर्नुहोस्, त्यो भन्दा पहिलाकोलाई छाडिदिउँ त्यो प्रयासको प्राक्टिस हो । यसै सन्दर्भमा हेर्दै गर्दा गोवद्र्धन शर्मा प्रतिष्ठान जुन मेमोरियल ट्रष्ट छ त्यसलाई बढी हाइलाइट गरियो, म स्वीकार्छु ।

गोवद्र्धन शर्मासँग मेरो पिताजीको सम्बन्ध उहाँ मेरो पिताजी हो तर गण्डकी प्रदेशको सरकारका हैसियतले यो गण्डकी प्रदेशका इनेगिने व्यक्तित्वहरु खासगरी भन्ने हो भने, लोकतान्त्रिक आन्दोलन, वामपन्थी आन्दोलनलाई हाँक्ने पुराना नेताहरु मध्येको गोवद्र्धन शर्मा वामपन्थी आन्दोलन हाक्ने मध्येको एकदेव आले यी दुवै तनहुँ जिल्लाका हुनुहुन्छ उहाँहरु । उहाँले ००७ सालको क्रान्तिमा जहाँ एकै ठाउँमा ६ जना सहिद भए तर उहाँ हुनु भएन, त्यो सहित नहुनुभएको कारणले तनहुँ जिल्लामा चाहे शैक्षिक आन्दोलनको विषयमा होस् ००८ सालमा छुवाछूतको विरुद्धको आन्दोलनमा होस्, हलोक्रान्तिमा किन नहोस् ? उहाँले जोखिम लिएर, समाज परिवर्तनको लागि आफ्नो जातबाट च्यूत भएर बस्नुपर्ने अवस्था त्यो परिवारलाई भयो। त्यति मात्र होईन ०१७ सालमा राजा महेन्द्रले कु गरिसकेपछि ८–८ वर्षसम्म जेल प्रवासमा बस्नुभयो । उहाँको सर्वस्व हरण भयो । उहाँका परिवारहरु वेवाश्रित भए त्यसपछि एमनेष्टी पाएर आइसकेपछि पनि पञ्चायतका विरुद्धमा प्रत्येक उहाँले पटकौं पटक हिरासत र जेलवरण गर्नुभयो । त्यो व्यक्ति जसलाई अहिलेको पुस्ताले चिनेन सही हो । अहिलेको पुस्ताले चिनेन, तर अघिल्लो पुस्ताले त्यो व्यक्तिको नाम लिँदै गर्दा मलाई लाग्छ त्यो एउटा प्रदेशकै एउटा सम्मानको रुपमा लिनु पर्ने व्यक्ति हो ।

उसको नाममा मेमोरियल ट्रष्ट त्यो आज होइन, १५ औं वर्षदेखि छ जुन मेमोरियल ट्रष्टले नेपाल सरकारबाट पनि अन्य विभिन्न संघसंस्थाहरुबाट पनि कार्यक्रमहरु ल्याएर, सहयोग ल्याएर त्यहाँ अर्गानिक खेतीदेखि लिएर कृषि रिसर्च सेन्टरको रुपमा काम

गर्दै आएको पनि छ । त्यो संस्थालाई प्रदेश सरकारले रकम विनियोजन गरेको त्यो आयो । अब यसलाई गरीव मुख्यमन्त्री के भन्दाखेरी १ रुपैयाँ राख भन्नु फरक हो। तर त्यो फेमिलीको पनि होइन त्यो समाज होस्, संस्था होस् उसको आफ्नै प्रोपर्टी छ, यति हुँदाहुँदै पनि व्यक्तिकै कुरा गर्नु हुन्छ भने त्यो परिवारले पनि धेरै गरेको अवस्था छ, तर अहिले त्यो हुन सकेन । मलाई यहींनेर मेरो भन्नु के छ भने, हामी भावनामा कमसेकम तपाईं हामी भनेको यो बिचमा छौं, नयाँ—पुराना उसको बिचमा हामीलाई इतिहास थाहा छ । मैले अघि नै भनें, हामीकहाँ एकतावादी प्रतिष्ठान छ, उहाँको पनि राम्रो हुन्छन् । हिजो सरकारबाट त्यहाँ पनि प्राप्त भएको थियो, हामीलाई पनि प्राप्त भएको थियो । त्यसो भएको हुनाले यो के हो भने यो सहिष्णुताको अभाव रह्यो भन्छु म, किनभने आज जुन रुपमा यो प्रचारमा आयो, कस्तो प्रचारमा आयो भन्दाखेरी गण्डकी प्रदेश सरकारले अनुदान व्यक्तिगत पैसा त्यो परिमाणमा खर्च गर्न............. आएको छ । .(प्राविधिक गडबडी)...... मानसिक ...... सभामा ...... यो पूँजीगत अथवा एउटा मन्त्रालयसँग एटेच भयो । कार्यक्रम संचालन गर्ने त्यो .......... त्यो कुरा हामीले बुझ्नु पर्छ । त्यो कुरा हामीले बुझेनौं, यहाँ धेरै कुराहरु आए, यहाँ .......... म क निवेदन गर्न चाहन्छु भने, ॥॥९प्राविधिक गडबडी)......... म के भन्छु भने, त्यो हक छ, जसले यो मुलुकको परिवर्तनको लागि लड्यो, जसले इतिहास बनाउन आफूलाई समर्पित गर्यो, त्यसले राष्ट्रबाट या प्रदेशबाट आफूलाई सम्मानित हुने त्यो हक राख्छ भन्ने मलाई लाग्छ, यसमा कन्जुस्याई गर्नु पर्ने केही कुरो छैन । त्यो भित्र पनि प्रदेशभित्रकै कुरा गर्नुहुन्छ भने हाम्रो प्राक्टिस पनि छ । हाम्रो प्राक्टिस हिजो पनि हामीले हेरेका थियौं । हिजोको सरकारले विभिन्न प्रतिष्ठान हुन त अहिले मैले नाम लिनु परेको छ, तर म सम्मानका साथ लिन्छु । रविन्द्र अधिकारीको नाममा रहेको संस्थाहरुलाई हिजो पनि रकम विनियोजन गरेको थियो । हामीले त्यस्तो बोलेनौं, किनभने त्यो राख्नुहुन्छ उहाँले, त्यो हैसियत उहाँको छ, किनभने हामीले मान्यौं । योगदान जति दिनुभयो उहाँले त्यसलाई कदर गर्नुपर्छ । यी सबै कुराहरुलाई हेर्दाखेरी मलाई के लाग्यो भने अलि हामी बढी बायस भयौं कि भन्ने मलाई लाग्छ । मैले एउटा स्पष्ट रुपमा राख्न चाहन्छु उदाहरणको लागि, जस्तोस हामीले यो अघिल्लो सरकारको ३ वर्ष भनेको एउटा पुस्तिका जुन राम्रो थियो,

हामीले हेर्यौं उपलव्धिपूर्ण छ । त्यो उपलव्धि मध्ये वाग्लुङको काठेखोलमा रहेको भिमान सांस्कृतकिा संग्रहालयको स्थापनाको स्तरोन्नति गरिएको थियो । यो प्रदेशले एउटा उपलव्धिको रुपमा लिएको एउटा संस्था हो । हिजैदेखि बजेट विनियोजित भएर आएको संस्था हो तर आज पनि हामीले यसलाई  विभाजित बनायौं किन भन्दाखेरी यो कुरो हामीले यो डबल स्टयाण्ड नगरौं भन्ने मेरो भनाई हो । त्यसो भएको हुनाले अब म के निवेदन गर्न चाहन्छु भने, हामीले सरकारले विनियोजित गरेको जुन शीर्षकहरु छन्, त्यो शीर्षकहरु वैधानिक रुपमा, कानुनी रुपमा, त्यो ठिक छ म कन्भिन्स छु, हामी कन्भिन्स छौं तर यो लोकतान्त्रिका परिपाटी, लोकतान्त्रिक व्यवस्था, नागरिक समाज आदित्यादि जो छ लोकतन्त्रका पहरेदारहरु उहाँहरुका आवाजमा मैले कदर गर्नु पर्छ भन्ने मैले मान्यता सरकारले राख्छ । यसमा मेरो एउटै मात्र भनाई छ सभामुख महोदय मार्फत म सम्पूर्ण मिडियाका साथीहरु, सामाजिक सञ्जालका साथीहरुलाई पनि अनुरोध गर्न चाहन्छु, याद गर्नुहोस् यही रोष्टममा अघिल्लो सरकारले सामाजिक सञ्जालमाथि रोक लगाउन लाग्यो भनेर आवाज वुलन्द गर्ने चेहराहरु आज यहीं छौं, हामी यहीं छौं । यो वा त्यो वहानामा सामाजिक सञ्जाललाई कन्ट्रोल गरिनु हुन्न, लोकतन्त्रमा सामान्य कानुन बाहेक अरु कानुन बनाएर नियन्त्रण गर्न पाइन्न भन्ने व्यक्ति हामीहरु नै हो । तर मैल आज देखिरहेको छु ।  त्यो सञ्जाल ठिक छ प्रस्तुतीकरण आफ्नो तरिकाले गर्नुभयो, अझै पनि मेरो निवेदन के हो भने वास्तविकता के हो त्यो बुझ्नु पर्छ, प्रस्तुती गर्दै गर्दा, रियाक्सन हुँदै गर्दा शब्द चयनहरु राम्रो गर्नुहोस् मेरो अनुरोध छ । एउटा सभ्य समाजमा एउटा  संसारकर्मी हुनाकाले नाताले, सञ्जालको एउटा जिम्मेवार व्यक्तिको नाताले त्यो तर्फे ध्यान जानु पर्छ भन्ने मलाई लाग्दछ, यो कुरा राख्न चाहन्छु । म अरु धेरै कुरा नगरिकन, मैल अघि नै भनें यो कुनै व्यक्ति भनेर परिवारलाई दिएको दान, उपदान यो होइन, यो कार्यक्रम थियो र पनि प्रदेश सरकारले यसरी नागरिक समाजमा आवाज  उठाएर अघि भर्खरै मैले हेरें हाम्रा माननीयज्यू एकजना माननीयज्यू युवा नेता भएरका भाषण गर्नुहुन्थ्यो मैले उहाँदेखि लिएर यो आयो त्यसलाई हामीले ती सबै कुराहरुलाई कदर गर्दै यद्यपि यी सबै कुराहरु वैधानिक रुपमा हुँदाहुँदै पनि एउटा आवाजलाई कदर गर्दै नागरिक समाज सञ्जाल हाम्रा प्रमुख प्रतिपक्ष दल लगायत सबैको त्यो भावनालाई

एउटा आत्मसात् गर्दै म के भन्न चाहन्छु भने यो अहिले गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष ०७९/८० को वार्षिक कार्यक्रममा समावेश गरेका गोवद्र्धन शर्मा स्मृति कोष, श्रीपुन धनमाया कुमारी परोपकारी ट्रष्ट, पुन नारायण परोपकारी ट्रष्ट, डिल्लीराम लामिछाने स्मृति प्रतिष्ठान भवन निर्माण, अमृत जोशी स्मृति पार्क लगायतका कार्यक्रम तथा बजेटका विषयमा जुन एउटा नागरिक स्तरबाट जुन असन्तुष्टी व्यक्ति भयो त्यो कुरालाई मध्यनजर राखेर यी आम नागरिकहरुको भावनालाई उच्च कदर गर्दै यी र यस्ता कार्यक्रमहरुमा विनियोजित स्रोतहरुलाई प्रदेशको प्राथमिकताका क्षेत्रमा खर्चिने व्यवस्था मिलाउन मैले सम्बन्धित मन्त्रालयलाई निर्देशन दिइसकेको व्यहोरा म यस सम्मानित सदन समक्ष जानकारी गराउन चाहन्छु, धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब माननीय अर्थमन्त्री श्री रामजी प्रसाद वराल जीवनले मिति २०७९ असार २२ गते सभा समक्ष प्रस्तुत गर्नुभएको विनियोजन विधेयक २०७९ माथिको बाँकी छलफल प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, यस छलफलमा शिक्षा, संकृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, पर्यटन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सभा सचिवालय आयोग प्रतिष्ठान तथा निकायहरुसँग सम्बन्धित शीर्षकहरुमा छलफल हुने व्यहोरा अनुरोध गर्दछु । छलफलमा भाग लिन चाहनु हुने प्रत्येक माननीय सदस्यहरुलाई छलफलको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरुले आफ्ना भनाई राख्नु हुन अनुरोध गर्दछ । सर्वप्रथम माननीय सदस्य श्री मोहन प्रसाद रेग्मीलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय मोहन प्रसाद रेग्मी**,

माननीय सभामुखज्यू, हामी विनियोजन विधेयकमाथि छलफल गरिरहेका छौं । विशेष गरेर आज मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयसँग सम्बन्धित विषय पनि सँगै छ, प्रसङ्ग माननीय मुख्यमन्त्रीले केही विषयहरु यहाँ प्रस्तुत गर्नु भएको पनि छ । सर्वप्रथम म प्रजातान्त्रिक आन्दोलन, लोकतान्त्रिक आन्दोलन वा जेसुकै होस्, जुनसुकै

आन्दोलनमा पनि अग्रगामी भूमिका खेल्नेहरु प्रति, सहिदहरु प्रति म सम्मान पनि व्यक्त गर्न चाहन्छु । प्रसंग के हो भने, आज हाम्रो आर्थिक अवस्था गण्डकी प्रदेशको बजेट आइरहँदा बजेट विनियोजित गरिरहँदा हाम्रा प्राथमिकताका आधारहरु के हो ? हामीले के विषयमा छलफल गरेका थियौं ? हामीले दिगो विकासका लक्ष्यहरु भनेका थियौं र आज गण्डकी प्रदेशको सरकारले विनियोजित गरेको बजेटले कहाँनिर जनतालाई गरीवि निवारणको सवालमा, रोजगारको सवालमा, समावेसी र सन्तुलित विकासका अवधारणाहरु कहाँनिर, कति बजेटले संवोधन गर्यो भन्ने कुरा सायद यहाँहरुलाई पनि त खड्केको होला । माननीयज्यूहरुले पनि त महसुस गर्नुभयो होला । हामीलाई यो दिगो विकासका लक्ष्यहरु पछ्याउने भनेर भनिरहँदा त्यसलाई पछ्याइरहेका छौं भनिरहँदा हाम्रा औद्योगीकरण के भएका छन् ? अनि हामीले उत्पादन र त्यसको समुचित वितरण कसरी गरेका छौं ? विकास र समृद्धिका वातावरण कसरी अगाडि बढेका छौं ? यो विषयले के देखाउँछ भने, गण्डकी प्रदेशको सरकार जनमुखी बजेट ल्याउन होइन, परिवारसँग जोडिएको ट्रष्ट वा कुनै नाममा पनि, मन्त्री वा माननीयहरु जोडिएर आउँदाखेरी स्वभाविक रुपमा आज राष्ट्रिय स्तरबाट हेर्दाखेरी राष्ट्रियस्तरहरुबाटै सम्मानित नेताहरु प्रति पनि अग्रजहरु प्रति पनि अपमान हुने खालको काम गण्डकी प्रदेश सरकारले अहिले ल्याएको बजेट र यो ट्रष्टको नाममा वा विभिन्न नाममा ल्याएको बजेटले नागरिक समाज, सामाजिक सञ्जालमा आएको कुरा त्यति मात्र होइन, आज हामीले देखेका छौं यो ट्रष्टलाई  आवश्यक पर्छ भने १ रुपैयाँ उठाएर दिन्छौं भनेर आन्दोलन सुरुवात भएका छन् र गण्डकी प्रदेश हिजो हामीले जुन ढंगले एउटा सातै प्रदेशमा अब्बल दर्जाको विकासका समृद्धीका कुरा होस्, सुशासनका कुरा होस् हरेक क्षेत्रमा हामी अग्रपंक्तिमा थियौं आज मुलुकभर यो निर्णयले, यो बजेटले हुने कुराले त्यसमा पनि विधि प्रकृया र वित्त आयोगको निर्देशनलाई पनि एकातिार पन्छाएर सम्बन्धित आयोगका विषयलाई एकातिर पन्छाएर हामीसही छौं हामीले ठिक गयौं भनेर माननीय मन्त्रीज्यूहरु, माननीय सांसदहरुले प्रस्तुत गरिरहनु भएको छ। एक पटक छातीमा हात राखेर सोच्न म अनुरोध गर्दछु, साँच्चिकै अहिले ५ लाखका योजनाहरु वितरण गरेर प्रदेशको समृद्धी हुन्छ ? केही ट्रष्टहरुमा पैसा विनियोजित गरेर कसैलाई चित्त बुझाएर अनि समृद्धी हुन्छ ? हामीले

विगतका योजनाहरुलाई निरन्तरताका कुरा गर्यौं, सामाजिक सञ्जालका कुरा गर्यौं, पर्यटन क्षेत्रका कुरा गर्यौं, पैसा छ भन्ने कुरा गर्नुभएको छ, कहाँबाट ल्याउने हो ? कुन शीर्षकबाट ल्याउनु हुन्छ ? अर्थविज्ञहरुले पनि विश्लेषण गरेको कुरा यहाँहरुलाई थाहा छ होला नि?

माननीय सभामुख मार्फत आग्रह गर्न चाहन्छु, सरकारलाई आर्थिक ढंगले अर्थात् अर्थमन्त्रालयलाई विज्ञहरुले दिएको सुझाव आएको होला, सरकारका योजना आयोगका उपाध्यक्ष लगायत विज्ञहरु त्यहाँ हुनुहुन्छ होला नि ? एकचोटी यो बजेटको विनियोजन गर्ने प्रकृया आज हामी छलफल गरिरहेको बेलामा पनि म के देखिरहेको छु भने विधि प्रकृया भन्दा अलग ढंगले आइरहेको छ । अनि त्यो विषयलाई फेरी हामी छलफलमा आइरहेका छौं र फेरी वाध्य भएर हामी माननीय मुख्यमन्त्रीज्यूले यहाँ जुन खालको सफाई दिनुभयो अथवा स्पष्टीकरण गर्नुभएको छ म माननीय मुख्यमन्त्रीज्यूलाई सम्मान गर्छु । एउटा प्रजातन्त्रिक आन्दोलनको, लोकतान्त्रिका आन्दोलनको अग्रज हो । तर आज तपाईंको सरकार नेतृत्व गरिरहँदा, मैले झलझली सम्झेको छु । मेरो जिल्लाको मनकामनामा १४—१५ जना एकै ठाउँमा हेलिकप्टरबाट गोली हानेर सहिद बनेका ती धेरै जनयुद्धका सम्मानहरुलाई मैले सम्झें, स्याङ्जाको नेत्र भण्डारी र गुप्त विश्वकर्मालाई सम्झें, म आवादी जनयुद्धमा कारवाही भएकोहरुलाई सम्झें, त्यति मात्र होइन मैले यता मुक्तिनाथलाई सम्झें, लमजुङतिर गएर कुनै न कुनै ढंगवाला सहिद भएकाहरु, कुनै न कुनै ढंगबाट प्रभावित भएकाहरु, त्यो परिवारको लागि संवोधन गर्ने कुरालाई सायद यो गठवन्धनभित्रको कुरा मिलेन कि, गठवन्धनभित्र के कुरामा सहमति भएको छ अझै आन्तरिक सहमति के के भएको छ मलाई थाहा छैन । प्रजातान्त्रिक आन्दोलन, लोकतान्त्रिक आन्दोलनका अग्रजहरुलाई सम्मान गर्ने कुरा त्यो लेभलबाट, त्यो हैसियतबाट गण्डकी प्रदेशको नेतृत्वमा, गण्डकी प्रदेशको सामाजिक, राजनीतिक परिवर्तनका लागि योगदान गरेकाहरु प्रति हाम्रो टिप्पणी होइन, हाम्रो सम्मान हो । म यति मात्रै भन्न चाहन्छु, आज हामी यो गण्डकी प्रदेश सरकारको समृद्धी र विकासको अग्रगामी भूमिका निर्वाह गरेर संघीयतालाई खारेज गर्नुपर्छ भनेर वा संघीयता विरोधी अभिव्यक्तिहरु आइरहेको छ त्यसलाई बल पुग्नेगरी यो संसद चन्न हुँदैन, सरकारले त्यो खालको निर्णय अगाडि

ल्याउनु हुँदैन म प्रतिपक्ष भएर बोलिरहेको छु । स्वतन्त्र नागरिकहरुको आवाज बोलिरहेको छ, सामाजिक सञ्जालका कुरा हामीले हेरिरहेका छौं त्यसैले आज हाम्रा सामू देखा परेका चुनौतिहरुलाई सामना गरेर साँच्चीकै हामी एउटा दीर्घकालिन लक्ष्यका साथ, योजनाका साथ गण्डकी प्रदेशको समृद्ध विकास गर्ने सबैको दायित्व हुन्छ र हामी यो सभामा यी विषयहरु छलफल गरिरहँदा हामीले विनियोजित गरेका बजेटले रोजगारका अवसरहरु कहाँनिर छ रु मलाई एउटा सम्झना छ, हामीसँग थुप्रै खेलाडीहरु छन्, प्रशिक्षकहरु छन्, आज वेरोजगार भएर बसिरहेका छन् । यी वेरोजगार युवाहरुलाई रोजगार दिनेको लागि कम्तिमा एक विद्यालय एक शिक्षक अवधारणा अगाडि सार्दा खेरी त्यो खेलकुदको त्यो मेनपावरका अवसरहरु सृजना हुन्छन्। त्यति मात्रै होइन, आज हामीले जुन ढंगले एक वार्ड एक नर्स पालिका जसरी उद्घोष गरेका छौं के हामीसँग त्यो जनशक्ति छ ? हामीसँग खेर गएको जनशक्ति वा हामीसँग भएको जनशक्तिलाई ठिक ढंगले प्रयोग गर्ने सोचाई छ ? सोचाई भएको त त्यो ढंगले आउँथ्यो नि । आज निर्वाचित भएको निर्वाचन क्षेत्रमा आज मैले हेरेको छु, मैले हेरें २०—२२ वटा योजना रहेछन् । करोडौं लगानी गर्नु पर्ने खानेपानी योजनाहरुमा ६ लाख विनियोजित गरिएको छ । हिजो हामीले सडक निर्माण गर्ने ढंगले सडकका योजना निर्माण गर्नका लागि विनियोजित गरेका बजेटहरु कटौति गरेर आज स्थानीय पालिकाले भनेका छन् यो प्रदेशको सडकले बनाएकोहाम्रो दायित्व होइन भनेर विकासमा प्रदेश सरकारले हेर्ने दृष्टिकोण नेगेटिभ भने ।

म चाहन्छु, मेरो अभिप्राय के हो भने हामीले परिणाम दिनेगरी कुनै व्यक्तिको इच्छा पुरा गर्ने होइन, हामी प्रदेश सभाको सदस्यको हैसियतले यो सरकारको पनि दायित्वको हिसावले के मात्रै अनुरोध भने, हामीले अगाडि सारेका योजनाहरुले जनताको समृद्धी, यो प्रदेशका सुखी जनता बनाउने हिसावले, पर्यटनको क्षेत्रमा यहाँ पैसा छ छ छ भनेर सुनाउनुभएको छ, अनि त्यो पोको पारेर कहाँ राख्नुभएको छ र कहाँ निवेदन दिएर फेरी पैसा माग्नु आउनु पर्ने हो थाहा छैन त्यो। कुन कुन पालिकामा कसरी रकम वितरण गर्नुभयो ? थाहा छैन । सेतो र रातो किताबमा कसरी वितरण भयो ? सायद यो गठवन्धनभित्र त छलफल भएको होला, त्यो छलफलबाट भोलि हामीले त यो कार्यक्रम राखेका छौं भनेर त जानुहोला तर जनताले त्यसको प्रतिफल प्राप्त गर्न सक्ने

अवस्था छैन । यसकारण म फेरी पनि अनुरोध गर्न चाहन्छु, हामी नैतिकताको आधारले पनि भन्न चाहन्छौं यो गण्डकी प्रदेशका सरकार मुख्यमन्त्रीज्यू आज यो कुर्चीमा बसिरहन नैतिकताको रुपले पनि सायद नमिल्न सक्छ, नैतिकता देखाउनु पर्छ र भएका कमिकमजोरीलाई आत्मसात् गर्दै यो गण्डकी प्रदेशको सरकारको जुन खालको गलत चिन्तन छ, गलत दृष्टिकोण छ त्यसप्रति खेद व्यक्त गर्दै म आफ्नो भनाई अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुख**

अब म माननीय सदस्य श्री ओमकला गौतामलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री दिपक कोइराला ।

**माननीय ओमकला गौतमज्यु,**

माननीय सभामुख महोदय, आ.व. ०७९/८० को वार्षिक किताबको सन्दर्भमा र समसामयिक विषयमा यो गरीमामय सदनमा उठेका विषयमा मैले आफ्नो भनाई राख्ने अनुमति चाहन्छु । सर्वप्रथम यो आ.व. ०७९/८० को वार्षिक बजेट यो जनमुखी छ, लोकातान्त्रिक छ र यो दीगो विकास लक्ष्य यसले प्राप्त गर्न सक्छ । लक्ष्य प्राप्त गर्ने बाटोबाट कतै पनि विचलित भएको छैन । प्राथमिकता र सिद्धान्तको आधारमा नीति तथा कार्यक्रममा जे बोलिएको छ, त्यसैलाई आधार मानेर जुन नीति तथा कार्यक्रममा व्याख्या भएको थियो त्यसलाई आधार मानेर, त्यसलाई टेकेर यहाँ आएको छ, कसैको व्यक्तिगत स्वार्थका योजना परे परेनन् भन्नु भन्दा पनि जहाँ आवश्यकता छ आवश्यकता थुप्रै छन्, आवश्यकतालाई महत्व दिएर यो बजेट आएको छ, यसमा म र मेरो दलको तर्फबाट म समर्थन गर्न चाहन्छु । होला, कतै कतै आवश्यकता बढी छ, बजेटको अभाव छ, हाम्रो प्रदेशका थुप्रै यो प्रदेशमा थुप्रै बाढीपहिरोले पनि रहेका छन्, सिँचाईको आवश्यकता छ, बाटोलाई पुर्याउनु पर्नेछ, थुप्रै आवश्यकता छ, तर प्रदेशको बजेट कम छ । भनिन्छ नि एउटा नेपाली उखान, घाँटी हेरेर हड्डी निल्ने भनेजस्तै । यो प्रदेशको आफ्नो आकार जत्रो छ, यो प्रदेशको स्रोत जति छ, बजेटमा जति छ यसको आफ्नो घाँटी हेरेर, त्यसको आफ्नो सिमाभित्र रहेर यो बजेट

विनियोजित गरिएको छ । त्यसैले मैले यसलाई समर्थन गर्न चाहन्छु माननीय सभामुख महोदय । प्राथमिकतामा र सिद्धान्तमा पनि टेकेकोछ र केही कुराहर केलाई बढी दिनु पर्छ ? दीगो विकासको लक्ष्य प्राप्त गर्नको लागि त्यसलाई दिनुपर्थ्यो भन्ने कुरा, टेकेन भन्ने कुरा । हामीले वास्तवमा दोहोरी खेल्न त मलाई पनि मन थिएन तर म अहिले सत्तापक्षको भएर बोलेको छैन । हामीले हाम्रो नजरबाट हिजो हामीले प्रतिपक्षमा बसेर पनि हेर्यौं र सत्तापत्रषबाट पनि हामीले हेरेको छौं । हामीले कत्तिपनि नहिच्किचाइकन हामीसँग वार्षिक किताव त छ होला नि ! अरु यो प्रदेशका हामी संस्थापक सदस्य, हाम्रा भएका कितावहरुका पाना घरमा गएर फेरी पल्टाएर हेरौं । हिजोका बजेटका कुरा हेरौं, हिजो कुन जिल्लामा कति थिए ? र आज कुन जिल्लामा भएन भनेर यहाँ रोदन गर्दै गर्दा, रोदन गर्नु भन्दा पहिला हिजोका पनि हेरौं त हामीले । हिजोका ती कितावमै बसेर हेरौं, त्यो कितावको सिद्धान्तमै बसेरे हामीले हेरौं, हामी प्रष्टै हुन्छौं । त्यसैले आज सत्ताको कुर्ची छोड्दाखेरी त्यो दुखाई, त्यो पीडालाई अभिव्यक्ति गर्ने मात्र होइन, यो रोष्टममा आएर साँच्चै भखरै कुर्ची छोडिहाल, मुख्यमन्त्रीलाई कुर्ची छोडेर राजिनाम दे भनेर के वहुमत पुर्याएर आउनुहोस् न । हिजो त तपाईंहरुले वहुमत पुर्याएरै छोडेको पनि हो नि । हामीले नीति र विधिलाई टेकेर आएका हौ, तपाईंहरु पनि नीत र विधिलाई टेकेर आउनुहोस् न । कानुनमा जे लेखिएको छ त्यो भन्दा बाहिर जाने छुट न त प्रतिपक्षलाई छ, न त सत्तापक्षलाई छ । नीति र विधिको सिद्धान्तलाई टेकेर काम गर्ने हो, त्यो छुट कुनै पार्टीलाई पनि छैन र गठवन्धनको सरकारलाई पनि छैन । यदि कानुन विपरित यो सरकार चलेको भए, कानुन विपरित यो बजेट आएको भए, कानुन विपरित नीति र सिद्धान्त लिएको भए, यसलाई कारवाही गर्ने पनि त कानुन बनाएका छौं नि त, तपाईं हामीले बनाएका छौ नि त । यहीँबाट हामीले बनाएका छैनौं ? यहीँबाट हामीले कारवाही गरेको छैनौं ? यहाँ कुर्लिरहनु पर्दैन, यस्ता नीति र नियम विपरित भयो भनेर हामीले यहाँबाट कुर्लनु पर्दैन । त्यसकारण हामीले त्यस विषयमा पनि धेरै रोदन गरिरहनु पर्दैन ।

माननीय सभामुख  महोदय, मलाई अचम्म लाग्यो मंसिर पछि होर्लास्, पर्खलास् तिमीहरु त् आउँदैनौं, हामीले ठिक छ, मंसिर पछि जसले राम्रो काम गर्न सक्छ, जसले जनताको

मन जित्न सक्छ त्यही  आउँछ । लोकतन्त्रमा जनताले दिएको जनमतको कदर सबै दलले गर्नुपर्छ । नेपाली काँग्रेसले पनि गर्छ, अन्य दलले पनि गर्नु पर्छ । नेपाली काँग्रेस पार्टी जहिले पनि लोकतन्त्रलाई विश्वास गर्छ । लोकतन्त्रले दिएको मेण्डेटलाई समर्थन गर्छ, त्यसैले ५ वर्षसम्म नेपालीकाँग्रेस पार्टी हामी प्रतिपक्षमै रहन्छौ, हामी सरकारमा जाँदैनौं भनेर  बसेको, तपाईंहरुकै कारणबाट हो नि । आज यो मुलुक दुर्घटना जान लागेपछि सत्तामा आउनु  परेको । हामीले खोजेको हो ? हामीले मागेको त होइन त्यसैले माननीय सभामुख महोदय, माननीय सदस्यज्यूहरुले हामीले अरुलाई आरोप लगाइरहँदा हामी पानीमाथिका ओभानो कोही छैन अनि पानीमा चुर्लुम्म डुब्ने अनि हामी ओभानो छौं भनेर कोट टक्टकाएर हुँदैन । माननीय सभामुख महोदय । मैले भन्दैछु, कोदो र तोरी मिलेरै बनेको सरकार हो । कोदो पनि चाहिन्छ र तोरी पनि चाहिन्छ । कोदोले  आफ्नो काम गरेको छ यहाँ, तोरीले आफ्नो काम गरेका छ । तोरी र कोदोको छुट्टै विशेषता छ सभामुख महोदय । कतै यो सत्ता छोडेको त्यो छटपटाइमा कोदो र तोरीलाई उस्तै देख्न लागेको त होइन ? त्यसकारणले माननीय सभामुख महोदय, मैले यो सत्ताको छोड्नु परेको यसमा विरहमा नडुब्न मैले आग्रह गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, यहाँहरुले गर्नुभएको माग वास्तवमा यहाँहरुले भन्नुभएको कुरा, मलाई के लाग्छ भने अहिलेको व्यवस्था परिवर्तन भयो, नेपालको मनोविज्ञान परिवर्तन भएन, राष्ट्रकोषको खर्च गरेर मैले गरिदिएँ भनेर होड गर्ने प्रवृत्ति यहाँबाट मात्रै होइन, केन्द्रबाट पनि हो । मैले गरें भन्ने प्रवृत्तिको होडबाजी यहाँ मात्रै होइन केन्द्रबाटै भएको हो । यो सरकारले मात्रै होइन, हिजोको सरकारले पनि गरेको थियो । आज यो सरकारले मात्रै गरेको भए त्यो सही थियो, त्यो केन्द्रदेखि हिजोदेखि नै र अघिल्लो सरकारले गरेको र अघिल्लो सरकारको कुरा भन्दै गर्दामा हामी त्यतिबेला थिएनौं ? रविन्द्र प्रतिष्ठानमा स्मृतिमा मेरो हातमा छ तपाईहरु पनि गएर हेर्न सक्नुहुन्छ ।

माननीय सभामुख महोदय, स्व. रविन्द्र अधिकारीलाई म हार्दिक श्रद्धाञ्जली गर्न चाहन्छु, म उच्च सम्मान गर्न चाहन्छु । तर ०७६/७७ को यो पेज नं. ३३ मा

गएर हेर्नुहोस्, तपाईंहरुले स्पष्ट देख्न सक्नु हुन्छ रविन्द स्मृति, चुनगुफा लेखनाथ म.न.पा. ३३ मा ६० लाख त्यो कहाँबाट जग्गा बेचेर ल्याएको त्यो राज्यकोषको पैसा हो कि होइन ? सभामुख महोदय । त्यतिखेर हामीले आन्दोलन गरेनौं, हामीले सडकमा उतारेनौं त्यतिबेला, के हामीले हेरेका थिएनौ त्यतिबेला किताव ? अर्को शीर्षकमा त्यही हेर्नुहुन्छ भने सभामुख महोदय, पेज नं. ५ मा रविन्द स्मृति भवन निर्माण वडा नं. ३३ मा पोखरा महानगरपालिका कास्की ५० लाख छुटयाइएको छ । हामीले के भनेको छौं एउटा सिटिङ यात्री दुर्घटनामा मृत्यु हुनु भयो उहाँलाई श्रद्धाञ्जली दियौं, श्रद्धाञ्जली सभामा हामी गयौं । ठिक छ उहाँको नाममा उहाँ मृत्यु पछि पनि सभा जीवित रहनुहुन्छ रहनुहोस् भन्यौ र त्यो सम्मान गर्यौं हामीले, हामीले विरोध गरेनौं आज गोवद्र्धन शर्माको नाउँमा जति कुरा उठेनि, आज गोवद्र्धन शर्मालाई उठाउँदै गर्दा हामीले एकचोटी छातीमा हात राखेर हेरौं त त्यो गोवद्र्धन शर्माको योगदान । हो बेला परिस्थिति फरक छैन भन्ने आ—आफ्नो पाटो सडकमा बाटोमा सडकमा बसेर भाषण गरेर, हामीजत्तिको सांसदले भाषण गरेर, आज स्वर्गमा गएको गोवद्र्धन शर्मालाई त्यो इतिहासलाई हामीले भजाउन मिल्छ कि मिल्दैन ? त्यहाँ जोड्न मिल्छ कि मिल्दैन ? त्यो हामीले त्यसलाई आत्मसात् गर्न सक्छौं त्यो कुरामा ? हामीले हामीलाई ढाँट्न सक्छौं, हामी प्रतिपक्ष भएर हेर्न सक्छौं, सत्तापक्ष भएर हेर्न सक्छौं, अरुलाई ढाँट्न सक्छौं, समाजलाई ढाँट्न सक्छौं, पहिला आफ्नो अन्तरआत्मालाई हामीले ढाँट्न सक्दैनौं एकचोटी छातीमा हात राखेर सोचौं त के रविन्द्र अधिकारी जतिको तुलनामा नभएको मान्छे गोवद्र्धन शर्मा हुनुहुन्थ्यो ? म यही प्रश्न गर्न चाहन्छु र एउटा संघसंस्था दर्ता ऐन अन्तर्गत रहेर, दर्ता भएको संघसंस्था दर्ता ऐन २०३४ अन्तर्गत रहेर दर्ता भएका संघसंस्थाले भलै कसको नामसित जोडिएका होलान् ? तिनीले सामाजिक रुपान्तरणको निम्ति सामाजिक सेवा नै गर्ने हो । संस्थाले लगेर न परिवारले खान पाउँछन् छ, न परिवारका कसैलाई पृष्ठपोषण गर्न पाउँछन् समाजमा तालिम दिएर समाजका सबै पार्टीका महिलालाई दिने हो, एउटा भौतिक संरचना गरेर समाजमा सबैलाई आश्रय हुने गरी गर्ने हो र त्यो संस्थाको उद्देश्य के छ ? हेर्ने हो । त्यो संस्थाको उद्देश्य स्पष्ट हुन्छ हेर्ने हो हामीले । यदि संस्था अनियमितता भयो भने त्यो संस्था नीति अनुरुप चलेन भने, संस्था दर्ता ऐन

अन्तरगत चलेन भने त्यो संस्था दर्ता भङ्ग गर्ने अधिकार नेपाल सरकारलाई छ । त्यसले यदि संस्थागत पदाधिकारी बिच मनमुटाव भयो भने पनि संस्था भंग गर्ने अधिकार प्रशासन कार्यालयले राखेको हुन्छ भने हामीले रोइलो गर्नु पर्दैन । मैले के भन्न चाहन्छु भने मैले माननीय सभामुख मुख्यमन्त्रीलाई म सम्मान गर्न चाहन्छु । जुन मेरो दलको नेता पनि हुनुहुन्छ, उहाँले उदारता देखाउनु भयो । ठिक छ यदि नागरिक समाज जनता सबैको जनभावना त्यही हो भने, यीनै यीनै रकमको पैसा यो कारणले यो पुष्ट्याइका आधारसहित मचाहिँ जहाँ अति आवश्यक छ प्रदेशभित्र त्यहाँ मैले खर्च गर्न म निर्देशन दिन्छु भनेर दिनुभयो म उच्च सम्मान गर्न चाहन्छु । मेरो दलको तर्फबाट मेरो दल नेपाली काँग्रेस संसदीय दलको तर्फबाट, गठवन्धनको नेतृत्व गर्नुभएको मेरो दलको नेता र यो गठवन्धन र यो गण्डकी प्रदेशको मुख्यमन्त्रीज्यूलाई म सम्मान दिन चाहन्छु । यहाँहरु पनि त्यतिकै उद्धार हुनु भएको भए रविन्द्र स्मृतिमा पनि पैसा आउँदैन थियो होला । अन्त अन्त पनि होला मैले लिन चाहन्न, म म गर्नुस् िमैले अहिले यस्तोमा को को माननीयज्यूले क—कसका नाममा यो वा त्यो वहानामा राखुभएको छ, मेरो निवेदन छ, मेरो अनुरोध छ, मेरो व्यक्तिगत अनुरोध छ, ठिक छ अहिले मुलुकको परिस्थिति कोरोनाले थला परेको अर्थतन्त्र हामीले एउटा वस्ती जोगाउनको लागि एउटा तटवन्धको लागि हामीले १० लाख छुटयाउन नसक्ने परिस्थितिमा यो परिस्थितिमा यो पैसा साँच्चिकै त्यता जानेगरी सबै माननीयज्यूले म म गरेर आफ्नो परिवारसँग जोडिएका छन् भने, साँच्चीकै मुख्यमन्त्रीज्यूसँग गर्नुहोस् यो महानता हो हाम्रो यो इलेगलिले होइन, यो कानुन विपरित होइन, यो लिगल छ, तर हाम्रो महानता हो हामीले आज मुलुकलाई यो प्रदेश समृद्धीको निम्ति, यो प्रदेशको विकासको निम्ति यो गर्न जरुरी छ । अब हाम्रो व्यक्तिगतको नाममा रहेको ट्रष्ट हाम्रा परिवारसित जोडिएका ट्रष्ट भन्दा आज हाम्रो सबै प्रदेशभित्रका नगरिकलाई परेको आवश्यकतालाई परिपूर्ति गर्न अहिलेको आवश्यक छ । परिपूर्ति गर्न अहिलेको महत्व छ ? यतातिर जोड दिउँ मैले सम्पूर्ण माननीयज्यूहरुलाई कस कसको विषयमा भन्न चाहन्न । मैले धेरै किताव पल्टाएर हेरें मैले निवेदन गर्न चाहन्छु यो मेरो व्यक्तिगत धारणा हो । रह्यो कुरा टुक्रे बजेट पढ्ने हो भने पाना पल्टाउन थुप्रै छन् । निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रममा

हामीले टुक्रे नबनाउँदा पनि मैले सम्मान गर्छु निःवर्तमान मुख्यमन्त्रीज्यूलाई । १ लाखका पनि यहाँ योजनाहरु हाल्नु पर्ने आवश्यकता रहेछ १ लाखले थुप्रै काम हुने रहेछ आमा समूहको । मैले त बल्ल पो बुझें, पैसा हालेर गाउँमा आएपछि । पछि मलाई यो कार्यक्रम भन्नुभएको त्यतिबेला पनि साँच्चे भावना बुझ्ने निःवर्तमान सम्माननी मुख्यमन्त्री हुनुहुन्छ । फेरी अहिले फेरी किन ? यता बस्नेको सम्माब्न गर्नु पर्ने, यता बस्नेको विरोध गर्नु पर्ने किन रु आवश्यकता त ५ लाख ले पूर्ति हुन्छ भने ५ लाख हाल्नुपर्यो, १ करोड पर्ने ठाउँमा ५ लाख हाल्नुभएन यो सरकारलाई मेरो सुझाव छ । त्यसैले सम्पूर्ण बजेट बेलामा कार्यविधि बनोर कार्यान्वयन होस् र यो कार्यान्वयनको सफलताको शुभकामना दिन चाहन्छु र मन्त्रीज्यूलाई पनि म जाँदा जाँदै माननीय सभामुख महोदय म क्षमा माग्दै, थोरै समय लिन अनुमति चाहें र मन्त्रीज्यूहरुलाई पनि म जान चाहँदा चाहँदै यहाँले पनि समायानुक गर्नु भएको छैन हौ । यहाँहरु म म गर्नुस् । हिजोका मन्त्रीज्यूहरुका र आज यहाँ बस्ने मन्त्रीज्यूहरु हुनुहुन्छ, यहाँहरुले पनि हामी गगठवन्धन भित्रकै सत्ता पक्षकै मन्त्रीज्यूहरुलाई पनि माननीयहरुलाई पनि समन्वायक गर्न्नु भएको छैन, जिल्ला समन्वयायक गर्नुस्, अझै पनि केही बिग्रेकोछैन तपाईं अर्थमन्त्रीज्यूहरु यस्मा हात राखेर बस्नुभएको छ । तपाईंले गर्दा पनि समन्वयक गर्नुहोस् मैले यही रोष्टमबाट मैले निवेदन गर्दै मलाई समय दिनुभएको सभामुखलाई धन्यवाद दिदै मेरो भनाई अन्त्य गर्ने अनुमति चाहन्छ । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री दिपक कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय श्री लक्ष्मी सुनार ।

**माननीय दिपक काइराला**

सभामुख महोदय, हामी आज विनियोजन विधेयक २०७९ अन्तर्गत शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्री परिषद् कार्यालय, पर्यटन उद्योग आपूति मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय आयोग तथा प्रतिष्ठान निकायहरुसँग संवन्धित शिर्षकमा छलफल गर्न गइराखेका छौं ।

मलाई लाग्छ विनियोजन विधेयकककोे शुरुबाट कसैले पनि कार्यविधिमा बसेर कोही पनि माननीयज्यूहरु यहाँ बोल्नु भएको छैन त्यसकारण त्यो छुट भएको होला जस्तो मैले पनि महसुस गरिरहेको छु । मलाई त्यो दायराभित्र बस्नु पर्ने वाध्यता चाहिँ छैन । अब अलि अलि यो विषयवस्तुसँग बोल्नु पर्ने, यो यस्तो संसदको गरीमालाई आत्मसात् गर्नु पर्ने, नैतिकता त मसँग छ र त्यसो भनिरहँदाखेरी अलि अलि फेरी मुख चिलाइरहेको छ क्या ! त्यो भनेर यसमा खुम्चिउँ भने हिजो अस्ति सुनेका कुराहरुलाई पनि अलिकति केही कुरा नभनि राखौं भन्दा ती कुराहरुमाथि पनि अन्याय हुन्छ कि भन्ने महसुस गरिराखेको छु । म यहाँ उभिदै गर्दा ती कुराहरुलाई पनि न्याय त गर्नै गर्ला। त्यसकारण म सभामुख महोदयसँग शुरुमै क्षमा याचना गर्न चाहन्छु । कि यो आज जुन विषयमा हामी विनियोजन विधेयकमाथि जुन मन्त्रालय मार्फत छलफल गरिरहेका छौं, त्यहीमात्रै केन्द्रित भएर म पनि कुरा राखेर गर्ने अवस्था छैन । किनभने यहाँ साथीहरु लगातार साथीहरुले, माननीयज्यूहरुले विषयवस्तु भन्दा बाहिर नै छलफल गरिरहनुभएको छ, त्यसकारण यसमा केन्द्रित हौं भने विषय नपुग्ला फेरी ती कुराहरु यसले त केही पनि जानेको रहेनछ कि, सुनेकै छैन कि भनेजस्तो पर्ला फेरी । त्यसकारण शुरुमै म क्षमा याचना गर्दै मेरो विषयवस्तु अगाडि बढाउन चाहन्छु । यी विनियोजन विधेयक जुन आएको छ, शीर्षकमा जसरी बजेटहरु आएका छन्, म एक—एक बजेटमा जान चाहदिन । म हाम्रो प्रविधिसँग अलिकति कुरा गर्नु पर्छ कि जस्तो लागिरहेछ मलाई हाम्रो प्रविधिसँग मैले सरकारसँग भएका माननीयज्यूहरुले कसरी विनियोजन गर्नुभयो या अघिल्लो सरकारले कसरी विनियोजन गर्यो, कसरी बजेट आयो ? यहाँ धेरै माननीयज्यूहरुले शीर्षकवाइज कुरा गर्नुभयो, शीर्षकमा पनि कुरा गर्नुभयो, शीर्षक नमिलेका शीर्षकमा पनि कुरा गनुर्भयो । तर हामीले हाम्रो प्रवित्तिलाई ध्यान दिने हो कि ? हामीले हाम्रो प्रवित्तिलाई अलिकति हाामीले हाम्रो संस्कारलाई मैल अघिल्लो पटक सरकारमा हुँदाखेरी पनि मैले भनेको थिएँ । हामीले संघीयता गणतन्त्र स्थापना गर्यौ तर हाम्रो बजेट विनियोजन वितरणको प्रकृया हामी पुरानै अपनाइरहेका छौं भने हामी सही ठाउँमा पुग्दैनौं कि ? भन्ने प्रश्न मैले अघिल्लो सरकारको बेलामा पनि उठाएको थिएँ । कतिपय शीर्षकको बारेमा पनि कुरा भएको थियो, म आज पनि त्यो कुरा राख्न चाहन्छु । यदि हामीले जुन

प्रवित्तिका साथ आज पनि हामीले विनियोजन गरिरेका छौं, बजेट बनाइरहेका छौं भने हामी कहीं पनि पुग्दैनौं । यो प्रतिपक्ष र सत्तापक्षको कुरा होइन । सत्तापक्षमा हुँदा त्यही शीर्षक राम्रो लाग्ने र प्रतिपक्षमा हुँदा त्यही शीर्षक नराम्रो लाग्ने । यो प्रवित्ति पनि राम्रो होइन । कहीं व्यक्तिगतको नाम खोलिएका ट्रष्टमा पैसा अघिल्लो सरकारले हाल्दा राम्रो हुने, यो सरकारले हाल्दा नराम्रो हुने त्यो प्रवृत्ति पनि राम्रो होइन, किनभने सहिदहरु त सबै समान हुन् नि । किनभने म हिजो अलि भावुक पनि भएँ । हुँदाहुँदा यहाँ के भयो भने व्यक्तिका नाममा आए, व्यक्तिका नाममा गरे भन्दा भन्दा भन्दा सहिदहरु पनि नादेतार मात्रै हुन लागे कसैको जेठाजु । कसैको जेठाजु त हुन्छ नि, मेरो पनि जेठान वेपत्ता हुनुहुन्छ । कसैको न कसैको छोरा होला, कसैन कसैको छोरी होला, कसैन कसैको बाउ होला, कसैन कसैको ज्वाइँ होला, कोही नाता पर्दैन र माननीयज्यूहरु? कसैको कोही नाता पर्दैनन् ? कसैको कोही नाता पर्दैमा त्यो सहिद फलानाको नाता पर्ने हो भनेर हुन्छ ? आज हुँदा हुँदा मैले मदन के.सी. को नाम सुने पत्रिकामा, विनोद के.सी. माननीयज्यू यहाँ हुनुहुन्छ । उहाँको दाइ सहिद हुनुभयो । विनोद केसीसँग जोडेर मदन केसीलाई, धनमाया लामासँग जोडेर भिमसेन पोखरेललाई, जोड्दै जाने हो भने त कोही न कोही, काहीं न काहँ नाता त पक्कै पनि पर्छ होलानि माननीयज्यूहरु । सहिदहरुलाई व्यक्तिगत रुपमा लाञ्छना लगाउने काम नगरौं । सहिद साझा हुन्, सबैका साझा हुन् । सायद त्यो काँग्रेस भएर सहिद भएको होस्, चाहे त्यो एमाले भएर सहिद भएको होस्, चाहे त्यो माओवादी भएर सहिद भएको होस्, आन्दोलनमा उसकोले गरेको उचित कदर गर्नु पर्छ भन्ने कुराचाहिँ यति पनि नैतिकता सम्झनुभएन भनेर मात्रै मलाई वास्तवमै चित्त दुखेको छ । गर्दै जाँदा, भन्दै जाँदा, हुँदा हुँदा त यहाँ त यसरी विषयवस्तुहरु आए कि, ति हाम्रा परिवारहरु वेपत्ता भएका, ती हाम्रा सहिदहरु बेपत्ता भएका त हाम्रो स्वार्थ पूरा गर्न पो रहेछ । किन सहिद भए होलान्, किन वेपत्ता भए होलान् वेकारमा भन्याजस्तो । हिजोसम्म गर्व गर्ने हामीले, हिजोसम्म हाम्रा परिवारहरु सहिद भएको बेलामा गर्व गर्न छोड्नु पर्ने अवस्था भएको त होइन ? हामीलाई कहाँ पुर्याउँछ यो कुराले ? त्यसकारण म यो विषयमा गम्भिरतापूर्वक विशेष ध्यानाकर्षण गराउन चाहन्छु । कृपया यो स्तरमा नउठाउँ भन्ने लागेको छ । अब हामीले स्थापित गर्न खोजेका हाम्रा सहिदहरुलाई

पनि अलिकति व्यक्तिगत रुपमा स्थापित गर्न खोजेको जस्तो हाम्रो प्रवृत्ति पनि छ, त्यो तर्फ पनि मेरो भनाई हो । हामीले हाम्रा सहिदहरु साझा हो भन्ने पनि हामी बुझ्दैनौं, हामीले हाम्रा सबै सहिदहरुलाई साझा रुपमा स्थापित गर्नु पर्छ भन्ने कुरा हामीले पनि बुझेका छैनौं फेरी, हामी सबैले त्यो कुरा बुझ्नु पर्छ त्यो कुरामा । त्यो क्रमा बजेटमा पहल गर्नुभयो, बजेट लैजानुभयो, त्यसलाई स्थापित गर्न खोज्नुभयो । हामीले पनि हाम्रा परिवारलाई मात्रै, हाम्रा नजिक भएकालाई मात्रै, हामीसँगै सहिद भएकालाई मात्रै स्थापित गर्न लागेका छौ कि भन्ने अर्को त्यो प्रवृत्ति पनि हाम्रो आन्दोलनमा हामीसँग जबरजस्त हामीको सबैको दिमागमा त्यो कुरा भएन । त्यसकारण यसलाई हामीले यो रुपमा स्थापित गर्यौं भने, हाम्रा ती सहिदहरु प्रति, हाम्रा ती वेपत्ता योद्धहरुप्रति, हाम्रा ती अग्रजहरु प्रति जसले आज हामीलाई यहाँ उभिएर, यो रोष्टममा उभिएर, सांसदको रुपमा मन्तव्य राख्न पनि छुट दिएको छ । हामीले सडकमा आन्दोलनकारीहरुसँग उभिएर हाम्रो त्यहाँ संलग्नता छैन भन्न पनि भ्याउने यहाँ संसदमा आएर, हाम्रो त्यहाँ केही पनि सम्बन्ध छैन उनीहरुको कुरा भन्न त्यहाँ गएर भाषण गर्न भ्याउने स्वतन्त्र थिएन, त्यो पनि त्यही सहिदले गरेर प्राप्त भएको हो, एकपटक आत्मसात् गरौं न माननीयज्यूहरु यसरी यो विषयहरु नउठाऔं भन्ने मेरो अपिल मात्रै हो । त्यसकारण हामीले बजेटमा अलिकति म आउँछु, बजेट कसरी आएको छ, कसरी भएको छ ? बजेटमा हामीले धेरै विकेन्द्रीकरण गरेका छौं बजेटमा, यो कुरामा हामीले स्वीकार गर्नुपर्छ, सरकारले पनि त्यो कुरालाई स्वीकार गर्नुपर्छ । हामीले धेरै विकेन्द्रित गर्यौं बजेटमा, विकेन्द्रित गर्दैनौं भन्दाभन्दै पनि गर्यौं । मन्त्रीज्यूहरुले भनिरहनु भएको थियो, माननीयज्यूहरुले भनिरहनु भएको हो, तर पनि त्यो विकेन्द्रित भयो । यो पनि मैले अघि नै भने, यो हाम्रो मुल प्रवृत्तिहो हामी यसमा बसेर मैले १—२ वटा कार्यक्रममा भनेको छु, हामी प्रतिपक्ष, सत्तापक्ष नभनेर एक पटक यो प्रदेशको सबै राजनीतिक पार्टीहरुको बिचमा एउटा साझा अवधारणा बनाउनु पर्छ भनेका थियौं । हामी सबै बसेर एउटा साझा अवधारणा बनाऔं । जुन सरकारमा जाँदा पनि त्यो फ्रेमवर्कभित्र बजेट बनाउन त त्यो हामी गर्न सक्छौ ? आज हामी एउटा सत्तपक्षमा छौं, कोही प्रतिपक्षमा छौं, हामी एउटा गरौं, हामी यो सिलिंगभन्दा तलको रकम मोटरबाटोमा छुट्याउँदैनौं, लौ एउटा साझा संकल्प गरौं

न, यहाँ भन्ने साथीहरुको कुरा के हो भने आजै भन्ने हो, भोलि आफू हुँदा त गर्ने कुरा त्यही हो । अहिले यहाँ सानो बजेट बनाउनु भयो, सानो बजेट भयो भनिराखेका छौं भनिराखेका छौं हामीले । लौ २० लाख भन्दा घटीको नभनौं भनौला है फेरी मन्त्रीका जाँदा त २० लाखले त ४ ठाउँमा पुग्छ नि ५—५ लाख हाल्यो भने । ४ ठाउँको फेरी त्यहाँ मनोविज्ञान समेटिन्छन् भनेर फेरी ५—५ लाखै योजना बुझाउने त हामी नै हौ नि भनेको, यहाँ किन बेकारमा लुकाएर कुरा गर्नु पर्छ र ? फेरी माग्न जाँदा ५ लाख माग्ने त हामी नै हो । यहाँ आएर हो उहाँहरुले सानो भयो भन्यो फेरी त्यहाँ गएर माग्न जाँदा त फेरी सानै हो । किनकि हामीलाई पनि लोभ लागेको छ, किनकि यसको विरोधी हो । तर यस पटक भइन, किन भइन भने मैले अघिल्लो अघिल्लो पटक पनि ठुला ठुला बजेट हालें, ठुला ठूला बजेट हालेर त के भयो भने तपाईंको ५० लाखको बजेट एक ठाउँमा हाल्यो १० घरमा पनि प्रभावित भएन तर ५० लाख रुपैयाँ आमा समूहको भवनमा हाल्यो भने कति धेरै प्रवृत्ति हुन्छ भन्ने संस्कृतिमा हामी गइरहेका छौं । उस्तै जिम्मा त्यहाँ पुग्यौ किन हाम्रो निर्वाचन प्रणाली गलत छ । हाम्रो निर्वाचन प्रणाली नै त्यही, हाम्रो राजनीतिक सोच नै त्यस्तै छ कि त्यहाँको हाम्रो मतदातालाई खुसी पार्यो भने मात्रै अर्को पटक आउन सकिन्छ भन्ने छ । हामीलाई त्यो चिन्ता छैन कि हामी दीर्घकालिन रुपमा विकास गर्छौं त्यसले भोलि हाम्रो अर्थतन्त्र कति योगदान गर्छ भन्ने कुरातिर हामी अझै पनि सचेत हुन सकिरहेका छैनौं र यो छलफलले हामीलाई त्यो दिशातिर लैजान्छ । भोली सरकारको नेतृत्व गर्ने म यति अपेक्षा गर्छु कि, आज त यो अन्तिम बजेटमा छौं भोलि नेतृत्व गर्ने सक्ने सरकारले पनि यस्तै विकेन्द्रीकरण योजना नलेआवस् । किनभने भोलि फोरी यो सदनमा आएर फेरी हामीले गल्ती गयौं र यो गल्ती किन गयौं भनेर प्रश्न नउठाऔं किनभने हामी सबै हौं । हामी सबै यही पार्टी नै हौं यो प्रदेशमा फेरी सरकारमा आउने त अरु कोही नआउला यिनै पार्टी आउने हो त्यसैले यो समीक्षाको रुपमा लिनु पर्छ तर पूर्वाग्रही रुपमा हामीले कुरा गरेर मात्रै होला जस्तो मलाई लाग्दैन माननीय सभामुखज्यू । जस्तै बजेटहरु छन्, जस्तो मेरो निर्वाचन क्षेत्रको नमुना सडक ६० कि.मि. होस् १० कि.मि. सच्चेको छ, ५० कि.मि. बाँकी छ, तर त्यो ५० कि.मि. पूरा गर्नको लागि यसपटक १० लाख मात्र विनियोजन भएको छ

। अब मैले त्यसमा सरकारका केही आफ्ना सिद्धान्त प्राथमिकताहरु होलन् भन्ने कुरा मैले त्यसलाई एसेप्ट मात्र गरेको हो । तर त्यसेल पुग्छ त भन्यो भने त्यसले त पुग्दैन । तर अरु निर्वाचन क्षत्रमा १ कि.मि. को पनि काम भएको छैन भनेर सरकारले जवाफ दिइरहेको छ भने त अलिकति मैले त्यो मान्नु पर्ने होला नि त । तर म मान्दिन मेरो मनले मानेको छ छैन त्यो १० लाखले के हुन्छ र ? अरु निर्वाचन क्षेत्रमा १ कि.मि.२ कि.मि. छैन भन्दा त मेरो निर्वाचन सडमा क्षेत्रमा १० कि.मि. भएको छन् नि त भन्दा त्यो कुरा पनि चित्त बुझाउनु पर्ने ठाउँमा हामी आइपुग्छौं होला नि त, यस्ता धेरै कुराहरु छन् । सानातिना बजेटहरु कतिपय बजेटहरु जस्तो ६—७ हजारका पनि बजेट आए भन्ने कुरा सुनेपछि मैले पनि राम्रोसँग किताव हेरें, त्यो बजेटहरु छन् । त्यसलाई एकीकृत गरेर, एउटै कार्यविधि भित्र ल्याएर एकमुष्ट अंकभित्र ल्याएर खर्च गर्ने ठाउँहरु पनि छ, तर खर्च त शीर्षकमा हुन्छ तर पनि त्यसलाई हामीले विनियोजन गर्दाखेरी त्यसलाई हामीले कला पुर्याउन नसक्दा र त्यसलाई ध्यान पुर्याउन नसक्दा त्यस्ता कुराहरु भएका छन् भन्ने कुरा पक्कै पनि म विशेष ढंगले माननीय मन्त्रीज्यूहरुलाई पनि ध्यानाकर्षण गराउन चाहन्छु, किनभने ति कुराहरुलाई हामीले एकमुष्ट रुपमा राख्न सक्थ्यौं होला, आज त्यो कुरा उठ्यो होला । यति कुरा राख्छु र फेरी पनि यी उठेका विषयमा माननीय मुख्यमन्त्रीज्यूले नै जवाफ दिइसक्नु भएर यी फिर्ता हुन्छन् भनिसकेपछि यो बारेमा धेरै बोल्नु त्यति उपयुक्त छैन तैपनि आग्रह पूर्वाग्रह नराखौं भन्ने कुरा राख्छु र यो विधेयक प्रति समर्थन गर्दै विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री लक्ष्मी सुनारलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री ललितकला गुरुङ ।

**माननीय लक्ष्मी सुनार**

माननीय सभामुखज्यु, नेपालको संविधान अनुसार माननीय अर्थमन्त्री रामजी प्रसाद वरालज्यूले असार १ गते ०७९/८० को वार्षिक बजेटको यस गरीमामय सभामा प्रस्तुत गर्नुभयो । असार ५ गतेबाट यसै बजेटमाथि छलफल गर्ने भनि जानकारी

गराएपछि फेरी अर्को सूचना नआएसम्म सभा स्थगित भएको जानकारी भयो र १९ दिनसम्म केको लागि स्थगित भयो भनेको छ १२ जना माननीय मन्त्रीज्यहरुले बाउको सम्पत्तिमा दाजुभाइले अंश लगाउँदा एकआपसमा धेरै थोरै भयो भनेर झगडा गरेझैं जनताबाट उठेका करले लुछाचुँडी गरिराख्नु भएको पो रहेछ । हे विज्ञ माननीय मन्त्रीज्यूहरु महंगी बढेर आकाशिएको छ, कृषकलाई मल बीउको समस्या, विद्यार्थीलाई शिक्षा लिन जानको लागि समस्या, विरामी हस्पिटल जान समस्या, जनताहरु खाद्य लिन जानको लागि समस्या, पुल सडक खोई ? यसका लागि ध्यान किन गएन ?

माननीय सभामुखज्यू, नवलपुरका माननीयले सोचेका थियौं, यसपाली त आफ्नै जिल्लाका मुख्यमन्त्री पाएका छौं, केही हुन्छ होला बजेटमा हामीलाई हेरफेर हुन्छ होला भनेको त हेरफेर त भयो तर माता पिताको नाममा ट्रष्टमा पो भएछ । अहिले मिडिया र पत्रपत्रिकाले छ्यापछ्यापी यही मात्र प्रचार प्रसार गर्दा हामी लाजले शरम भएका छौं । आफ्नै क्षेत्रको एउटै वडामा १६ करोडको योजना राख्दा अन्त सडक, शिक्षा, संग्रहालय भवनलाई ५ लाख, १० लाख, २५ लाख पुललाई राख्ने माननीय मन्त्री, मुख्यमन्त्रीज्यू यति बजेटले आधा पुल, आधा बाटो बनाएर के अर्थ ? यस्तै अरु माननीय मन्त्रीज्यूहरुले पनि स्व. मातापिताको नाममा भवन, ट्रष्ट बनाउन करोडको बजेट राख्ने, पहिला बुढापाकाले भन्थे, भोग ठूलो भोजन ठूलो रु भन्दा भोग ठूलो भन्ने गर्थे । त्यस्तै अहिले त ठिक उल्टो भएछ ।

माननीय सभामुखज्यू, हामीले उद्योग, पर्यटनको कुरा गरी गण्डकी प्रदेश भरि सबैभन्दा वन पैदावार रहेको नवलपुर जिल्ला लाग्छ । त्यस ठाउँमा वनको लागि पर्यटनको लागि सरकारले बजेट छुट्याएको छ ? पर्यटन प्रवद्र्धनमा आत्मनिर्भाव गर्ने भनिरहँदा प्रत्येक होम स्टेलाई पहिलोचोटी संचालनको लागि १० लाख विनियोजित गर्ने भन्दा कतिपय पहिलो सरकारले दिएको १० लाखले संरचना केही बन्यो, पूरा बन्न सकेन र त्यसैमा आत्मनिर्भर गर्न खोज्दा पर्यटकलाई आकर्षित गराइराख्ने संरचनाहरु पूरा गर्न नसक्दा केही होम स्टेहरु अधुरै रहेका छन् र यसको लागि बजेट माग गर्दा फेरी एउटा होम स्टेलाई बजेट दोहोरिदैन भनेर माननीय पर्यटन मन्त्रीले भन्नुभयो । के त्यो होम स्टे अधुरै राख्ने ? यसका लागि फेरी केही बजेट थप गरेर त सरकारले

बजेट थपेर पनि खेर जाँदैनथ्यो । ईच्छुक व्यक्तिहरु पनि त्यसैमा आत्मनिर्भर हुन्थे त्यो प्रति पनि मन्त्रीज्यहरुको ध्यान जानका आवश्यक छ । उद्योगको कुरा गरिरहँदा उद्योग क्षेत्रको विकास दीगो अर्थतन्त्र निर्माणको आधारको नारा मध्यकालिन खर्च संरचना भन्ने कितावमा मैले देखैं तर नवलपुरको लोखाखोलामा र तनहुँको पुलीटारमा प्रस्तावित प्रदेशीय औद्योगिक क्षेत्र र १ स्थानीय तह १ उद्योगग्राम स्थापना भनिरहँदा ४ वर्ष अगाडि डिपिआर भएको औद्योगिक क्षेत्र अझै पनि काम अगाडि बढ्न सकेको छैन । अरु के कुरा गर्ने रु पुरानै उधोगहरु मर्मत गरेर सुचारु गर्न सकेको छैन । नयाँ संरचनाको त कुरै गर्न परेन । कितावमा त धेरैचोटी लेखिएका छन् तर कार्यान्वयन लगाएर गर्न सक्नुपर्दछ ।

माननीय सभामुखज्यू, स्वास्थ्य तथा जनसंख्याको कुरा गरिरहँदा समृद्धी प्रदेश र सुखी नागरिक एवं समृद्ध नेपाली सुखी नेपाली नारा भइरहँदा समृद्ध नेपाल स्वस्थ नेपाली खोई कहाँ छ ? गण्डकी प्रदेश २०७५ साल भाद्र १३ गते पूर्ण खोपमुक्त प्रदेश घोषणा भइसकेको छ तर विकट ठाउँमा त्यहाँका बालबालिकाले अझै पनि खोप लगाउन पाएका छैनन् र सबैलाई अनिवार्य स्वास्थ्य बिमा गर्ने भनेका छौं तर त्यो बिमा बिमाकार्डले सबै हस्पिटलमा काम गर्दैन र कति ठाउँ औषधी नै पाईदैन र स्वास्थ्य स्वयंसेविकाको कुरा गरिरहँदा मैले बारम्बार यो कुरा जनाइराखेकै छु । अस्ति पनि नीति कार्यक्रममा पनि मैले यो कुरा उठाइराखेको थिएँ त्यतिखेर यस सम्बन्धी मन्त्रीज्यू यहाँ आउनु भएको थिएन, मैले के कुरा राखें भने यो स्वास्थ्य स्वयंसेवकलाई वार्षिक ६ हजार मात्रै छुट्याएको छ, यसको लागि जुन हाम्रा गाउँभरका महिला दिदीबहिहरुले स्वयंसेविकाहरुले रातदिन नभनी बालबालिकालाई पोलियो थोपा खुवाउने, अनि जुकाको औषधी खुवाउने, अनि गर्भवति महिला, अनि नवजात शिशुको लागि हेरचाह गरिरहनु भएको छ । त्यसको लागि यो बजेट अति नै थोरै रहेको मैले माननीय मन्त्रीज्यूलाई भन्न चाहें।

माननीय सभामुखज्यू, समानुपातिक समावेशिताको कुरा गरिरहँदा महिलाको लागि पूर्ण रुपमा बजेट छुट्टिएको छैन । महिलाहरु आत्मनिर्भर रहनको लागि सक्षम र समर्पित रहनको लागि सीपमूलक, सचेतनामूलक कार्यक्रमलाई बजेट किन कन्जुस गर्ने ?

दलित समुदायको लागि १७.४ प्रतिशत दलित रहेको यो गण्डकी प्रदेशमा बजेट गत वर्ष १ करोड थियो भने यस वर्ष जम्मा ९० लाख किन कम सरकार, मन्त्रीज्यू ? यसको लागि बजेट जसरी हामीले चरालाई चाहारा छिताछौं त्यसैगरी यो बजेट छितरिएको छ तर यसले काम गर्न कति सक्छ कति सक्दैन भन्ने कुरामा मन्त्रीज्यूहरुले ख्याल राख्न अति आवश्यक छ । परम्परागत पेशा वा सीपको लागि प्रदेशभरिका व्यक्तिहरुलाई समावेस गरी सीप सिकाउन र पेशा संचालन गर्न यति बजेट के हुन्छ ? हुन त बजेट कहाँ गयो भन्ने सबैलाई थाहा नै छ ।

माननीय सभामुख, संघीयताको कुरा गरिरहँदा प्रतिपक्षमा बस्ने सरकार पक्षको विरोध गर्ने, सरकारी गाडी चढेर हिंड्ने, एक दम्पतिको वर्षेनी करोडौं सम्पत्ति नीजि अक्षय कोष सिर्जना गरी श्रीमान अध्यक्ष र श्रीमती संरक्षक बनी बजेट यसरी हिनामिना गर्ने यसको लागि हामी यसमा मेरो दल र म सहमत छैन भन्दै मेरो भनाई अन्त्य गर्छु । हस्त, धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री ललित कला गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री हरि बहादुर चुमान ।

**माननीय सदस्य श्री ललितकला गुरुङ**

माननीय सभामुख महोदय, हामी विनियोजन विधेयक ०७९/८० को छलफलको क्रममा छौं । यहाँ धेरै माननीयज्यूहरुले धेरै आ—आफ्नै तरिकाले कुरा उठाउनु भएको छ र मलाई पनि त्यो विषयमा जाँदै गर्दा हुन त मुख्यमन्त्रीज्यूले बोलिसक्नु भएको छ, भनिसक्नु भएको छ । उहाँले जुन कुरामा बढी चर्चा चलिरहेको छ विषयमा त्यो विषय उहाँले फिर्ता भन्दा पनि आवश्यक विषयमा कार्यान्वयन गर्ने भनेर अघि बोलिसक्नु भएको छ । त्यो विषयमा बढी चर्चामा जानुपर्ला जस्तो लाग्दैन, तर पनि यो रेडिमेट भन्छन् नि रेडिमेट उत्तर त्यो बनिरहेको छ र यसलाई हामीले त्यसैलाई उल्टाई पुल्टाई फेरी त्यसैलाई उत्तर दिन खोजिरहेका छौं यसलाई म आवश्यक ठान्दिन । आज यो विषयमा बोलिरहँदा हुन त कुराहरु आइसकेका छन्, लामो समय यो सत्तामा, यो सत्ताको स्वाद, कुर्चीको आड भन्ने कुराचाँिह निकै गतिलै

चिज हुँदोरहेछ । त्यहाँ बसिरहेको त्यो स्वाद भुल्न गाह्रै हुदैरहेछ र प्रतिपक्ष माननीयज्यूहरुलाई पनि त्यो रोइलो छदैछ । हामीलाई त सत्तापक्षमा हुँदैगर्दा पनि त्यति सहज हामीलाई सजिलो लागिरहेको छैन, तर पनि जुन कुरा सेतोलाई सेतो र कालोलाई कालो जुन साँचोलाई साँचो र गलतलाई गलत भन्न हामीले छोड्नु हुँदैन । प्रतिपक्षमा हुँदा हामीले सबै कुरा गलत बोल्नुपर्छ, देख्नुपर्छ र सत्तापक्षमा हुनुपर्दा गलतलाई सही देख्नु पर्छ भन्ने त्यो लाग्दैन जे हो त्यहीबोल्नु पर्छ जस्तो लाग्छ, आकाशतिर फर्केर थुक्यौं भने फेरी अनुहारैतिर फर्किन्छ भन्ने भनाई छ । त्यसकारणले गर्दा प्रतिपक्षको धर्म निभाउँदै गर्दा पनि दुर्गामी र सकारात्मक सोचका साथ आफ्नो भनाईहरु राख्दा राम्रै हुन्छ, यो प्रदेश सभाको गरीमा उँचो हुन्छ जस्तो लाग्छ मलाई यसकारण त्यो अनुरोध गर्दै, एउटा भनाई छ मलाई स्कूल पढ्दा गुरुले भित्र छिर्दै गर्दा भनेको याद आउँछ दिल्ली हाक्तछ जो दिन्छ गफले, आकाश पातालको सुरुझैं अघि सर्न खोज्छ रणमा ताउ जुगामा दिँदै भन्थे जेसुकै भएपनि कुरा त ठूलै गर्नै पर्छ हामीले । जे भए पनि आफै पनि सच्चेर गर्नु पर्छ कि जस्तो लाग्छ । अघी बढ्नु पर्छ जस्तो लाग्छ । अघि नै भनिसक्नु भएको छ जुन ०७६/७७ हो कि जस्तो लाग्छ अघि नै बजेटमा भनिसक्नुभएको छ । रविन्द्र अधिकारीको स्मृतिमा बजेट आउदै गर्दा मैले सोधैं दलको नेताहरुलाई यो आएको रहेछ यो राख्न मिल्छ भनेर सोधें पहिलो पटक हेर्दै गर्दा खेरी मेरो छोटो दिलले भन्दाखेरी, ठिकै छ अब उहाँहरु सत्तामा हुनुहुन्छ, फेरी उहाँ मन्त्री पनि हो राख्नुभयो यो बारेमा किन बोलिरहनु भन्नुभयो र फेरी ठिकै हो जस्तो पनि लाग्यो मलाई । हाम्रो सत्तापक्ष फेरी त्यो बेलामा प्रतिपक्षमा हुँदा अलि स्वभाविकै हुनुहुन्छ फेरी हाम्रो पार्टी नै त्यस्तै लाग्यो के मलाई, त्यो भएको कारणले मैले बोलिन । अहिले सानो सानो कुराहरु छिद्रबाट धेरै कुराहरुलाई उथल पुथल बनाएर बोल्नु भयो । आखिरीमा एउटा नेताकै नाता पर्छ, अरु त पर्दैन त्यो भएको कारणले छिरलेर आए विभिन्न तरिकाले त्यो सहिद नेताका हुन्छ, सहिद कै पत्नी, सहिदकै परिवार, किनभने एउटा एउटा लिंकबाट आएको हुन्छ त्यसलाई अन्यथा लिनु हुँदैन । खैर त्यो भइसक्यो, तर पनि म मुख्यमन्त्रीज्यूलाई यो रोष्टमबाट बोल्दै गर्दा म सभामुख मार्फत म के भन्छु भने मेरो क्षेत्र मेरो जिल्ला किन भने म आफू आएको ठाउँबाट मैले बोल्नु पर्छ, मेरो आफ्नै

जिल्ला, मैले त्यही जिल्लाबाट प्रतिनिधित्व गरेको । उत्तरी वेल्ट पर्वतको क्षेत्र नं. १, क को केही वडा पालिका र ख का अधिकांश ख को सबै भन्नुपर्छ, सदरमुकामसँग जोड्ने र पोखराबाट यताबाट जाँदाखेरी पनि त्यही बाटो हुँदै जानुपर्छ, दोविल्लाको पुल एकदमै जीर्ण अवस्थामा छ । गाडि हिड्नै नहुने अवस्थामा छ त्यसलाई अहिले मर्मत गर्दै हिंड्न सक्ने हिड्न हुने अवस्थामा र त्यसलाई पुनरुथापना गर्नु पर्छ र अर्को पुल बनाएर हुन्छ र त्यो पुललाई यथाशिघ्र त्यसलाई मर्मत गरेर हुन्छ के गरेर हुन्छ हिंड्न हुने बनाउन यी यस्ता बजेटहरु त्यतातिर कार्यान्वयन होस् भन्ने मेरो अनुरोध पनि छ, माग पनि छ । यो अघि नै आए आज पर्यटनको स्वास्थ्यको यी विषयमा बोल्नु पर्ने पनि भएको कारणले गर्दाखेरी पर्यटनमा गत सालहरुमा पनि मैले मसिनो गरी हेरेको छु । होम स्टे, यति धेरै होम स्टेहरु आए, मेरो त जिल्लाकै मन्त्रीज्यू हुनुहुन्थ्यो त्यतिबेला, तर धेरै जाँदाखेरी खुशी पनि लाग्यो । छिमेकी जिल्ला, मेरै जिल्लामा, मेरै ठाउँमा मैले हेर्दै गर्दाखेरी कति ठाउँमा सत्ता दुरुपयोग भयो भने त्यतिबेला पनि मैले बुझेको थिएँ, कति त मैले फोटो खिचेर पनि राखेको छु अझैसम्म पनि मसँग छ । त्यो सम्भवै नभएको ठाउँमा, वस्ती नै नभएको ठाउँमा लगेर त्यहाँ २ वटा कोठा बनाइयो, टिनका छाप्रो बनाएर त्यहाँ होम स्टे छ अझै पनि जान सक्नु हुन्छ त्यहाँ । त्यो दुरुपयोग भइराखेको छ के त्यो पैसाको पनि, बजेटको पनि दुरुपयोग र त्यो ठाउँमा पनि त्यस्तै छ । होम स्टे हुनलाई त धेरै कुराको म्याच गर्नु पर्ने होला नि त्यसको नियमहरु, क्राइटेरियाहरु भन्ने लाग्छ, सरकारले र विभागीय मन्त्रीले त्यस्तै रु स्वास्थ्यका धेरै कुरा आए अघि नै, मलाई यो स्वास्थ्यको कुरा त्यो अघि १ स्कूलको १ नर्स भन्ने कुरा आइरहेको छ त्यो असम्भवलाई पनि सम्भव बनाउनु पर्ने सरकार राजनीतिलाई असम्भवलाई सम्भव हुन्छ भन्छन्, त्यसलाई कसरी ल्याउनुभयो त्यो असम्भवलाई सम्भव गराउनु पर्छ भन्छन् । गत सालमा पनि आएको थियो नि त आज सुझाव र गली सम्म आउँदै गर्दाखेरी आलदेखि थालीसम्म त्यतिखेर गण्डकी काउ फार्म देखि धेरै कुराहरु आएका थिए, आज मंकी पार्कका कुरा गर्दैगर्दा ती कता गए ? हुन त यो आन्तिम, यो सरकारको पनि धेरै कार्यकाल त छैन, हुन त हामीले पनि फ्रेम बनाएर, नियम बनाएर छोड्न पर्छ त्यो आफ्नै ठाउँमा छ किनभने यो आ.व. यो सरकारले बनाएकै फ्रेमवर्क भित्र जाने हो ।

आउने सरकार पनि त्यो कारणले यहाँहरुलाई त्यो सत्तापक्षको सांसद हुँदै गर्दा पनि मेरो सुझाव पनि छ र औद्योगिक उद्योगको कुरा गर्दै गर्दा यो पर्यटन उद्योगको कुरा गर्दै गर्दा म चाहि लामो समय त्यही क्षेत्रबाट आए श्रमिकको क्षेत्रबाट र श्रमिकको सूचीकरण, पञ्जीकरण यी बाँकी नै छन् र अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकको त्यो सामाजिक सुरक्षाका कुराहरु छन्, यसप्रति पनि ध्यान दिइयोस् अहिलेको सरकारले यसलार्य पनि त्यतातिर पनि ध्यान दियोस् भन्न चाहन्छु । मलाई केही समय पहिला मेरो आफ्नै प्रदेश मलाई नवलपुरतिर धेरै मेरो नाता पनि छ म धेरै आउने जाने गर्छु, कावासोती नवलपुर मेरो धेरै नातेदार छन्, मेरा आफ्ना धेरै कुरालाई गर्दा जाने आउने गर्थे । मलाई त पहिला मधेश जस्तो लाग्थ्यो तर अहिले जाँदा जाँदै गर्दा घर जस्तो लाग्यो ।

मलाई यति धेरै कुरा गर्दा बोलुँ जास्तो लाग्यो तर आज मलाई जाँदा जाँदै के भन्न मन लाग्यो भने ट्रष्टको कुरा गर्दै गर्दा त्यहा एउटा बोटोको नाम सांसद मार्ग भन्ने रहेछ । अनि मैले यहाँ मसँग हिड्दै गर्दा यो के हो ? तपाईंहरु सांसद हुनुहुँदोरहेछ तपाई नेतैनेता हुनुहुँदो र हिंड्दै गर्दा हो त्यतिबेला सत्तामा हुनुहुन्थ्यो, सत्तामा हुने सासंसदले राख्नुभएको र यहाँ सांसद भएको बेलामा आफ्नो नाम राख्ने त हो नि तपाईंहरु पनि राख्ने भए राख्नुस् है भन्नुहुन्थ्यो । यो के भनाई छ भने के, यो आफ्नो आङमा भैंसी हिडेको पनि नदेख्ने रे अर्काको आङमा जुम्रा हिंडेको पनि नदेख्ने भन्थे । त्यो चाहिँ हुँदो रहेछ के । यो दोहोरी चल्दै गर्दा मैले यो भने है । यो जे भएपनि यो सत्तापक्षलाई, सरकार पक्षलाई जति पनि सुझावहरु आएका छन् सकाररात्मक रुपमा लिइदिनुहोला भन्दै मेरो दलको र मेरो यसप्रति पूर्ण समर्थन रहेको जानकारी गराउँदै आफ्नो भनाई अन्त्य गर्न चाहन्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुखज्यु**

माननीय सदस्य श्री हरिबहादुर चुमानलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री मिना गुरुङ ।

**माननीय हरि बहादुर चुमानज्यु,**

माननीय सभामुख महोदय, सर्वप्रथम म ती यो देशको आमूल परिवर्तनको निम्ति जनयुद्ध, जनआन्दोल, मधेश आन्दोलन लगायत विभिन्न आन्दोलनमा र लोकतान्त्रिक आन्दोलनमा साहदत प्राप्त गर्नु हुने ती आदरणीय वीर सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । ती हाम्रा अग्रज नेताहरु जसले यो देशको आमूल परिवर्तनको निम्ति नेतृत्व गर्नुभयो, उहाँहरुलाई सम्मान गर्न चाहन्छु । असाध्यै चित्त दुख्यो कि, हाम्रा ती आदरणीय सहिदहरुलाई कसैको दाइ, कसैको जेठाजु, हुँदैहुँदै यसरी तान्न थालियो, त यसले के हामीले त्यो लोकतान्त्रिकको त्यो आमूल परिवर्तन आन्दोलनको महान जनयुद्धका सम्मान गरेको ठहर्छ ? त्यसकारण यस्तो स्थितिमा वहस हुन पुग्यो । होलन्, यहाँ सत्तापक्षको त्यहाँ कमजोरी नै छैन भन्ने लाग्दैन, सत्तापक्षले त्यो स्वीकार्नु पर्छ, यस्तो ठाउँमा वहसमा जानु हुन्थेन । कहीँ कतै कमजोरी भयो होला त्यसलाई स्वीकार्न तयार हुनुपर्छ । हामी स्वीकार्न तयार छौं, तर पनि जुन ढंगल वहस पुग्ने, जहाँ पुग्यो, यसले हामी आफैलाई अपमानित गरिराखेको छ कि छैन ? यदि यो परिवर्तन उहाँहरुको वलिदानबाट, उहाँहरुको योगदागनबाट प्राप्त भएको हो भने कुनै न कुनै ढंगले उहाँको सम्मान गर्नुपर्छ भन्ने कुरामा हामी सबै सहमत हुनु पर्ने हो । मैले यो दुवैतिर अथवा जुन सामाजिक सञ्जालमा वहस भएको छ यो कुरातिर ध्यान दिएर, अब हामी सबैले स्वीकार्नु पर्छ यो कुरालाई । यो अलि गलत तरिकाले गयो भन्ने  कुरा सबैले स्वीकार्नु पर्छ, त्यसको कारण हामी नै हौला यसलाई स्वीकार्नु पर्छ । अब  गोवद्र्धन पोखरेल म तनहुँ जिल्लाकै, गोवद्र्धन पोखरेल को हुन् ? भन्ने कुरा अर्थमन्त्रीज्यूले राखिसक्नुभएको छ । हिजो लोकतान्तिक आन्दोलनको, प्रजातान्त्रिक आन्दोलनको त्यतिबेलाको भाषामा भन्ने हो भने त्यो एकजना अग्रज हुनुहुन्छ, अगुवा हुनुहुन्छ । उहाँप्रति पनि हामीले सम्मान गर्न सक्नुपर्छ । अब यो विषयमा मैले चर्चा गर्नु परेर यहँ मुख्यमन्त्रीज्यले चर्चा गरिसक्नु भएको हुनाले, अब यो बजेटको सन्दर्भमा म प्रवेश गर्न चाहें । यहाँ जे जे विषयहरु उठे, हुन त अर्थमन्त्रीज्यूले नै राखिसक्नुभएको छ, हामी संघीयता भनिराखेका छौं, यो संघीयतालाई व्यवस्थित रुपले कार्यान्वयन गर्नु पर्छ र यसलाई दिगो र दरिलो पार्नु पर्छ भनेर हामीले बोलिराखेका छौं र व्यवहारमा पनि अब त्यसरी लागिराखेका छौं, तर पनि मैले विगतका दिनमा पनि मैले मञ्चबाट भनिराख्ने गरेको थिएँ कि, यो जति

पनि प्रदेशका सरकारले अथा प्रदेश सभाले यो संघीयताको बारेमा जति भूमिका खेखिन्छ यो अरुले खेल्दो रहनेछ यसको पहल कदमी प्रदेश सभाले नै लिँदोरहेछ भन्ने कुरा यो चर्चा अहिले पनि अपुग भइराखेको छ, त्यसैकारण संघ मातहतका निकायहरु अथवा संघ सरकार समेत अब यस कुरामा खेलिराखेको छ । यसलाई इंगित गर्नु भएको थियो अर्थमन्त्रीज्यूले, यो वित्तीय आयोगले, वित्तीय आयोग हिजो ३२ अरवको बजेट बनाइरहँदा, २ अरवको आन्तरिक ऋण बजेटमा व्यवस्था गरेको नदेखिने । ३४ अरवको बजेट बनाउँदाखेरी २ अरवको ऋण राखेको नदेख्ने, अहिले करीव ३६ अरवको बजेट बनाउँदा २ अरवको ऋण राख्दा चाहिँ पत्र लेख्ने, नियत त बुझिन्छ नि त । हामी वहस गरौँला, सरकारले त्यसको जवाफ देला । यसकारण मैले यो मानेमा हामी सबैले यो वहस गर्नुपर्छ, कुनै न कुनै ढंगले यो हस्तक्षेप हो । प्रदेश सरकारले विधि तोडयो, नियम तोड्यो, कानुन तोड्यो जुन कुरा आएको छ यतातिर पो ध्यान दिने हो कि ? यो कुरा पहिले उठिसेकेको हुनाले मैले यति कुरा जोडे । अब यो फेरी म एउटा कुरा फर्किन थालें यही सन्दर्भमा अब यससँग जोडिएर संघीयताको कुरा अघि पनि मैले भने । यहाँ कुरा आएको रहेछ देव गुरुङको, देव गुरुङको नाम लिएर ल देव गुरुङले पनि यो संघीयता खारेज गर्नुपर्छ भनेर बोले भनेर लेखेको रहेछ । उहाँले के बोल्नु भयो हाम्रो स्तरले थाहा पाउन्छ । उहाँ के बोल्नु हुन्छ र के बोलेको हो भन्ने कुरा ? उहाँले संघीयता खारेज गर्नु पर्छ भनेर अस्ति लमजुङमा आएर संघीयता खारेज गर्नु पर्छ भनेर बोल्नु भएको रहेछ रे । हामीले बोल्दै गर्दा २ तहको संघीयता आवश्यक छ भनेर वहस गरेको हो । स्थानीय तह प्रदेश मार्फत हुन उपयुक्त हुन्छ भनेर वहस सुरु भएको थियो। त्यो मोडेल नै ठिक हुन्छ भनेर उहाँले बोल्नुभएको थियो, यसको अर्थ संघीयता खारेज हुन्छ भनेर बोल्नु भएको होइन तैपनि हामी ३ तहको संघीयताको कुरा गयौं भनेर सबभन्दा अगाडि नै स्थानीय निकायलाई संवैधानिक बनाउनु पर्छ भनेर वहस उठ्यो र त्यसलाई पनि संवोधन गरेर ३ तहको संघीयता बन्ने पुगेको र यस अर्थमा यो २ तहको बनाउँदा उपयुक्त हुन्छ भन्ने कुरा गुरुङजीले भन्नुभएको हो तर गुरुंगज्यूले संघीयता खारेज गर्नुपर्छ भन्ने कुरा गुरुंगज्यूले नै बोल्नु भएको भन्ने जुन छ । अब हामीलाई जोड्ने कुरा भयो । अब यता गठवन्धनमा माओवादी दल छ, त्यो माओवादी दल पनि

संघीयताप्रति प्रतिवद्धता भएन कि भन्ने जुन कोणबाट क्वेसन उठ्ने गरेको छ अब शंका गर्न त पाइयो तर यो संघीयता कार्यान्वयनको निम्ति, यो संघीयतालाई व्यवस्थित ढंगले यसलाई सुदृढ गर्नको निम्ति हाम्रो दल नेकपा माओवादी केन्द संसदीय दल प्रतिवद्ध छ र दृढ छ । यस सन्दर्भमा पनि यो बजेट निर्माणका सन्दर्भमा पनि हामीले उठाएका हौं छलफल अब के हुने गरेको छ भने, यहाँ धेरै माननीयज्यूले राखिसक्नु भएको छ । वहस त एकदम ठिक ठाउँमा हुन्छ, मैले देख्थे, हिजो तनहुँ जिल्लामा, त्यो जिविसमा सर्वदलिय वैठक बस्न गइरहदा त्यही साथी हुनुहुन्थ्यो सुरुवात कहाँबाट गर्नुहुन्थ्यो भने अन्तर्राष्ट्रियबाट । अन्तराष्ट्रिय परिस्थितिको बारेमा भन्नुहुन्थ्यो त्यसपछि राष्ट्रिय परिस्थिति हुँदै जाँदा आफ्नै टोल, आफ्नै गल्ली यो हुँदै गरेको छ । यो गलत छ, तर यसबाट हामी कहीं पनि राम्रोगरी उम्किन सकेका छैनौं । यस सन्दर्भमा पनि कुरा के हो त भन्दाखेरी यो हिजो यो पूँजीगत र चालुकै सन्दर्भमा खर्च गर्दा खेरी पनि अब यसलाई यसरी हेरौं यो हार्डवेढर र सफटवेरको सन्दर्भमा, हाडर्पवेयर काममा ६० प्रतिशत र सफ्टवेयर ४० प्रतिशत यो ढंगले जाने र त्यसभित्र पनि ६० प्रतिशत हार्डवेयर के रहेछ भने ६० प्रतिशत वहुवर्षिय दिर्घकालिन त्यसको ४० प्रतिशत तत्कालिन संवोधन गर्ने गरी बजेट निर्माण गर्ने कति राम्रो हुन्थ्यो होला ? त्यो तरिकाले जाँदा कति राम्रो हुन्थ्यो होला । अब शुरुको बजेट सहज पनि हुँदो रहेछ, भोलिको सरकारले त्यही गर्ला किनभने ५ वर्षको लागि आएको हुन्छ ऊ, तर परिस्थिति कस्तो बन्दै गयो, अब हामीले नै कहाँ पुर्याइदेउँ भन्दाखेरी अब त २ वर्षको हुनेभए। अनि २ वर्ष पछि बलैबलले जोगिएको यो अहिले संसद, संघ संसद अहिलेको यो संसद २ वर्ष सम्म त चल्ने भयो । हिजो त हामीले पनि के राख्यौद्य ५ वर्षले ढुक्कले चल्छ । त्यसैले यो दीर्घकीलन बल अलि बढी दिर्घकालिन सोच थियो, अब त्यसको अलि तात्कालिन भएको छ, अलि छरिएको छ । यसकारकाण यो मोडेलिटी मैले जुन प्रस्ताव गरें र गर्दै आइरहेको छु , यो मोडेलमा जाँन सक्दा हामी सबै ठिक ट्र्याकमा हिंडेको हुन्छ जस्तो मलाई लाग्थ्यो । अब अरु विषयमा म त्यति जान चाहिन तर पनि हामी सबैले जुन मन्त्रालयको विषय छ, त्यो मन्त्रालयमा जान चाहिंन, यी मन्त्रालयको विषय प्रति धेरै चर्चा गर्न चाहिंन सामाजिक विकास मन्त्रालय जुन हो त्यसलाई मैले ५ लाख राखें, अरु मन्त्रालय १००० का हुन्, यसको प्रकृति यी जो

विषय मन्त्रालयको विषयमा आज छलफल हुन्छ यिनको प्रकृति कुरा के हुँदो रहेछ भने मुख्य मन्त्रालय भनेको त भौतिक पूर्वाधार र ऊर्जा । यिनले करोड करोडको बजेट बनाउँदा करोड भन्दा माथिको बजेट बनाउँदा यी मन्त्रालयहरु लाखका प्रवृत्ति हुन्, लाख बाँड्ने प्रकृतिका हुन् यो विषयमा निकै वहस भयो हुँदो रहेछ हिजो पनि त्यही भएको हो र अहिले पनि त्यही भएको हो । कुरा के भयो भने भौतिक उर्जामा पनि अलि छरियो कुरा त्यही हो, अलि वहुवार्षिय टाइपको, वैज्ञानिक टाइपको, अलि वहुवर्षिय योजनाको, अलि दिर्घकालिन योजनाबाट जाँदा सबैको हाइ हाइ हुन्थ्यो यस्तो यसको इन्टेन्सन त्यो भएर होइन एउटा वाध्यता, समय र परिस्थितिको वाध्यता पनि हो भन्ने कुरा बुझनको निम्ति मैले अनुरोध गरें । हाम्रो दलको तर्फबाट यो बजेट विधि, प्रकृया, नियम, कानुन तोडेर आएको ठान्दैन, हरेक बजेटमा औंल्याउन मिल्ने केही न केही हुन्छन्, त्यसलाई सुधार्ने हो, सच्याउने हो, त्यही अनुसार मैले पनि यहाँ केही सुझाव राखें, यो पटक यसरी जान नसके पनि अबको पटक कम से कम अलि दिर्घकालिन महत्वका योजनाहरुलाई अलि जोड दिएको भन्ने सन्देश जाने गरी बजेट ल्याउन सक्नु पर्दछ तर तात्कालिन कुराहरुलाई संवोधन गर्न छोड्नु हुँदैन, यसै सन्त्दभमा राम्रै काम गरेको छ स्वास्थ्य मन्त्रालयले यो प्रदेश सरकारले लमजुंगको अस्पताललाई बनाउने गरी यो सम्बन्धमा काम गरेको छ । यसका पूर्ण रुपले स्वागत गर्दै सरकारलाई धन्यवाद दिँदै र यो बजेट प्रति हाम्रो दलको पूर्ण सहमति रहेको विषय व्यक्त गर्दै विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मिना गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री सरिता गुरुङ ।

**माननीय मिना गुरुङ**

माननीय सभामुखज्यू, सर्वप्रथम त म यो हाम्रो ०७९/८० को बजेटको सन्दर्भमा जुन आज यो रोष्टममा आएर बोल्ने मौका अवसर प्राप्त गरेकी छु, यसको लागि धन्यवाद । म माननीय सभामुखज्यू सँग म एउटा अनुमती चाहन्छु । म सुरुमा आफ्नो भनाईबाट प्रस्तुत गर्न चाहन्छु, आफनो सर्वे भवन्तु सुखीन सर्वे सन्तु निरामया सर्वे

भद्राणि पश्यन्तु मा कश्यतु निरामया । यो श्लेक कुन शास्त्रबाट आएको त्यो मलाई थाहा भएन तर यो श्लोकले भन्न खोजेको अहिलेको परिस्थितसँग दाँजेर हेरेको छु । यो अलिहेको परिस्थितसँग होइन, अहिलेको यो परिस्थितिसँग दाँजेर हेरको छु । त्यो मैले सारा देशवासी, सम्पूर्ण नेपाली जनताको परिस्थितिलाई दाँजेर हेरेको छु र सरकारहरुको, जिम्मेवारी व्यक्तिहरुको, विज्ञहरुको र आफूलाई वुद्धिमान ठानेर राज्यको नेतृत्वमा आफ्नो कर्तव्य पालना गर्छु भनेर अग्रसर भएका नेतृत्वगण प्रतिनै मैले यो श्लेकलाई एकपल्ट ध्यान दिन अनुरोध गर्दछु । वास्तवमा यो श्लोकले भन्न खोजेको कुरा मलाई लाग्छ, हाम्रो समाजमा, हामीले हाम्रो लोक कल्याणकारी धारणा अन्तरगत यो श्लोक रचिएको हो भन्ने मेरो अनुमान छ । कुनै पनि देशका नागरिक सुखी, निरोगी रहुन्, राम्रा कुरा मात्रै देखुन् भन्ने रहेको हो । राज्यले आफ्ना नागरिकका शिक्षा, रोजगारी र सुरक्षा लगायत प्रत्याभूति दिएको र कानुनी आधारमा संघीय भएमामात्र त्यहाँको राज्यलाई हामीले लोककल्याणकारी राज्य मान्न सक्छौं । हुन त यिनै कुराहरुको प्रत्याभूति भएमात्र  राज्यका नागरिकहरु पनि सुखी र समृद्ध हुन सक्छ, त्यसैले सारतत्व एकातिर छ । एउटा उखान पनि छ, कामकुरो एकातिर कुम्लो बोकी ठिमीतिर भनेझै हामी अहिले के कुरामा एक अर्का प्रति दोषारोपण गरिराखेका छौं ? सबैको भनाई त, निचोड त सुन्ने दर्शकवृन्दहरुले पनि अनुमान गरेकै होला सुन्नेले पनि भन्नेले पनि हामी सबैले आफ्ना कुरा सही भनिरहेका छौं । के प्रतिपक्षका माननीयहरुले नीति, नियम, कानुन विरुद्ध बोलिरहेका छन् त ? त्यो प्रतिपक्षका माननीयहरुले जे पायो त्यो बोल्न पाइन्छ यो गरीमामय सभामा बोलिरहेको हो त ? के माननीय प्रतिपक्षका जिम्मेवार साथीहरुले यहाँ उठाएका सवालहरु सही छैनन् ? यो कुरा एकपल्ट सरकार पक्षका बुद्धिमान माननीयज्यूहरुलाई म विनम्रताका साथ सोच्नका लागि आफ्नो आत्मा आलोचित हुनका लागि निवेदन गर्दछु ।

माननीय सभामुखज्यू, हामी यतिबेला दशकौं लामो वलिदानी प्राप्त भएको संघीयताको मूल आधारको रुपमा स्थापना भएको संघीयतामा छौं । गण्डकी प्रदेशको सरकाले संघीयताको जय जय कार लैजानु पर्ने ठाउँमा धज्जी उडाइरहेका छ । आज यो कुरा मैले भनेको होइन, त्यो सारा जनताले भनिराखेको छ, अब प्रदेश सरकार चाहिँदैन, प्रदेश सभा चाहिँदैन । यो काम कसले गरेको त ? मैले ? हजुरले ? कसले गरेको

त ? आम जनताले ? यो प्रश्न एकपल्ट मस्तिष्कमा उठाउन पर्छ, एकान्तमा बसेर हामी सबैले सोच्नु पर्छ । वित्त आयोगले निर्देशन दिएको कुरालाई हिजो दियो, आज दिएन, हिजो किन दिएन ? आज दिएन । यस्ता चानचुने कुरा गरेर माननीयज्यूहरुलाई सुहाउँदो विषय हुँदैन । हामीले जनताको विकासको आवश्यकतासँगै वास्तविक मर्म र वास्तविकतालाई किन भुलिरहेका छौं ? ढुकुटीमा हात हाल्न पाएँ भनेर अलि लोभी पापी भावनाबाट यो मानविय स्वभावहरु अलि विचलित हुने बानी जतातत्तै अलि छरपष्ट देखिन्छ त्यो हाम्रो सरकार गण्डकी प्रदेशमा पनि हामीले देख्ने मौका पायौं । जनता र हामी सम्पूर्ण मिलेर बनाएको यो सिस्टम, विधि र नीतिलाई कसैले मिच्न पाइँदैन ।

माननीय सभामुखज्यू, हामी सबै जनताको सेवा गर्छौं भनेर आफ्नो काम, व्यापार, व्यवसाय, जिम्मेवारी त्यागेर दलिय मार्गबाट यो ठाउँमा आएको छौं । आफ्नो निःस्थार्थ कर्मबाट जनताले दिगो सुशासनयुक्त समाजमा बसोवास गर्न पाउनु पर्छ । म यतिबेला, गण्डकी प्रदेश विचलित भइरहेको देख्दा ज्यादै दुःखी छु । आफैले गरेको कामले आफैलाई गिज्याउने यस्तो निच कर्म यस्ता सुयोग्य सक्षम नेताहरुले कसरी गर्न सक्नुभयो ? एउटा गलत अभ्यास हामीबाट हुँदा समाज विथोलिएको छ, फेसबुकका भित्ताहरुमा असभ्य भाषाहरु प्रयोग भएका छन् । यही हो योग्य वुद्धमानी नेताहरुले गर्ने कर्म ? यो व्यवस्था ल्याउन आफ्नो संघर्षमा जीवन उत्सर्ग गर्नुहुने सहिदहरु पनि लज्जित हुने काम ज्यादै पीडादायी भएको छ अहिले ।

माननीय सभामुखज्यू, कसको पिता ? कसको माता ? यो सन्दर्भ आजको विषय होइन, मेरो विचारमा । यो सन्दर्भ यस्ता गलत कर्म कसैलै गर्नु हुँदैन भन्ने कुरा हो । यो सन्दर्भ तिमीले गर्यौ म किन नगर्ने ? भन्ने होइन माननीयज्यू । यो सन्दर्भ जनताले सार्वभौम जनार्दन हाम्रा जनताहरुले हामीलाई औंला ठडाइरहेको अवस्थामा पनि अझै हामी यो माननीय बनेर यो सभाभित्र बसेर एकले अर्कोलाई औंला ठड्याइरहँदा हामी आफैले आफैलाई कुन नजरले मूल्यांकन गर्न सक्छौ ? माननीज्यूहरु ।

माननीय सभामुखज्यू, प्रदेशको प्रथम पञ्चवर्षिय योजनाले परिकल्पना गरेको समृद्ध प्रदेश र सुखी नागरिकको सोच यो पाराले हामी प्राप्त गर्न कुनै हालतमा पनि सक्दैनौं । जहाँ जहाँ एमालेको वस्ती छ त्यो त्यो ठाउँमा योजना परेको छैन । अनि पार्छु भनेर वचन दिएर हामीले हात जोडर, मलाई लाग्छ, त्यो ठाउँमा म पुग्दा, कहिले कहिले म मन्त्रालय पुग्दा आफूलाई दासको त्यो अनुभूति गर्छु, त्यो सामन्तवादको अनुभूति गर्छु, म त्यहाँ गएर हात जोडेर उभिन्छु । खान नपाएर त्यहाँ जाने होइन, म लगाउन नपाएर त्यहाँ जाने होइन, मैले आम जनताको लागि एउटा निवेदन लिएर गयो भने त्यहाँ ढोकाबाट भित्र पस्न दिदैन, अनि ढोकामै रोकिन्छ, अनि हेरिहन्छू आफ्नो पक्षको माननीयज्यूलाई सुटुक्क भित्र पसाउनु हुन्छ । मेरो दृश्यले त्यो देखिरहेको छ । यही हो माननीयले गर्नु भएको न्यायोचित कार्य ? मैले एउटा आम जनता कृषि मार्ग वडा नं. ११ मा यति दुःख कष्ट भएको छ भनेर भौतिक पूर्वाधार मन्त्रालयमा गएर मैले उहाँलाई त्यो विषय राखेर, उहाँले त्यो टिपेर राख्नुभयो । थोरै गएर अलि अलि म्एच् गर्छु भनेर खनेको जस्तो गर्नुभयो र अहिले त्यसलाई अलपत्र पारेर छोड्नु भयो । आज त्यहाँका जनताहरु मन्त्रालय घेर्न आउँछौं भनिरहेका छन् । मैले अहिले रोक्नुस् हामी यहाँनिर हाम्रो छलफल चलिरहेको छ भनेर रोकेका छौं । यस्तो किन ? मन्त्रालयमा ढोकामा गयौं भनेर कुरेर बस्नु पर्छ हात काम्ने गरेर । यही हो संघीयताको हाम्रो उपलव्धि ? यही हो मान मार्दन गर्ने तरिका रु यो असभ्य कर्म तपाईं मन्त्रीज्यूहरुबाट भएको छ, म अहिले यतिबेला यही भनेर भन्न चाहन्न । यस्तो किसिमको असभ्य काम गर्न र यो किसिमको कर्म तपाईंहरुले गर्न पाउनु हुन्न ।

माननीय सभामुखज्यू, हामीले यति बेला नेपालको संविधान पन्ध्रौं आवधिक योजना दिगो विकास लक्ष्य र प्रदेशवासीको विकास चाहना र तपाईं हाम्रो दलबाट गरेको प्रतिवद्धता कति सफल पार्न खोजिरहेका छौं, ? हाम्रो कार्यकाल त अब सकिन लागेको छ, । अब हामीले एउटा फ्रेमवर्क बनाउनु पर्ने हो, एउटा ढाँचा दिनु पर्ने हो, त्यो ढाचा छैन, अब हामी आफ्नै व्यक्तिगत ढाँचातिर लम्किरहेको त्यो सकिने बेलामा अब जनताको हाइ हाइ भन्दा अब प्रदेश सरकार नै वाई वाई भन्ने बेला आएको छ । आत्मालोचित सबैले गर्नु पर्छ, आत्मआलोचित हुनुपर्छ ।

माननीय सभामुखज्यू, हामीले भनेका थियौं, उत्पादन उत्पादकत्व वृद्धि जटिल समाजवाद उन्मुख, आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने के यो बजेट प्रक्रियाले हामीले सोचेको गन्तव्यमा पुग्न सक्छौं? धिक्कार छ । हामी सबै प्रदेशवासीको लागि, प्रदेश सरकार आफ्नो काम, कर्तव्यलाई भुलेर मनमानी बजेट वडा विनियोजन गरेर आफ्नै टाउको झुकाउने काम भएको देख्दा मलाई भन्न पनि लाज लाग्छ, कि यो कसरी भयो ? म सोच्न पनि सक्दिन । यही हो त ? हामीले यत्रो वर्षको अनुभव, योगदान, हाम्रा देशका सबै वीरविरंगना त्यागी वलिदानी सहिदहरुको हामी धेरै सम्मान गर्छौं, तर कसको शालिक कहाँ ? कसरी ? र किन ? कुन माध्यमबाट बनाउने? सरकारले अवोध बालक जस्तै गरी जनताको रगत पसिनाबाट जम्मा भएको राजश्वले आफ्नो व्यक्तिगत ईच्छा पूरा गर्न पाईंदैन भन्ने कुरा हाम्रो मूल विषय हो । तर यहाँनिर आज माननीय मुख्यमन्त्रीज्यूले त्यो विषयलाई आत्मसात् गरेर, जनताको आवाजलाई मैले शिरोपर राखेर आज मैले यो विषयलाई व्यवस्थापन गर्छु भन्नुभएको छ । तर मलाई के आश्चर्य लागेको छ माननीयज्यु, माननीय सभामुखज्यू, यतिबेला मलाई के आश्चर्य लागेको छ भने, यो नियम जसो गरे पनि हुन्छ ? यो बजेटलाई रातो कितावमा आए पछि हुन्छ, त्यसलाई मेटाए पनि हुन्छ, केले मेटाउने, कसरी जान्छ यो कसरी यो विधि नीति सम्भव हुन सक्छ ? अब यो खुम्चाएर खुम्चिने फिजाएर फिजिने हो ? त्यसो हो भने खारेजै गरे भइहाल्यो नि त ! यो बजेट खारेजै गर्नु पर्छ नि त अब, यो बजेट खारेज गर्नुपर्छ । यो बजेट असफल भइसकेको छ यसले जनाइसकेको छ। तपाईंहरुलाई मन परे राख्ने, मन नपरे हटाउने हो र ? हामीले यहाँ आएर यत्रो छलफल गरेर, ताली मारेर, आफ्नो महत्वपूर्ण समय दिएर हामीले दिमाग खियाएर बोलेका कुराहरुले यही हो बाटो देखाएको ? कदापि हुन सक्दैन ।

माननीय मुख्यमन्त्रीज्यूलाई म सम्मान गर्छु, उहाँले एकदमै भावनात्मक तारिकाले आफ्नो विचार राख्नुभएको र त्यो कुरालाई म एकदम सम्मान गर्न चाहन्छु । तर सिस्टम भुल्नु हुँदैन, सिस्टमको कुरा हो माननीयज्यूहरु । प्रदेशमा ती गरीव जनताहरु आज खाए भोलि के खाऔं, भोलि खाए पर्सी के खाऊँ, रात के खाऊँ, भोलि के खाऊँ भन्ने अवस्थामा छन् । ती बालुवा गिटी बेचेर खाने मजदुरहरुको अवस्थातिर हामीले ध्यान दिएका छैनौं । हामीले आफ्नो लगानी गरेर, लगानी डुबेर कोरोनाले गर्दाखेरी

आज वैदेशिक राजगारी जान नपाएका र बैंकले ऋण नदिएर छट्पटाइरहेका ती नागरिकहरु छन् । यतातिरको हाम्रो त्यो चासो त्यसलाई प्राथमिकता दिने हो कि होइन ? प्राथमिकता दिने हो कि होइन ? रोजगारी कुरा गर्ने हो कि होइन ? कृषिलाई प्रमुख बनाएर ल्याउनु भएको छ अहिले माननीयज्यू हाम्रो सरकारले, गठवन्धनको सरकारले । कृषिबाट अब कतिलाई हामीले कति रोजगारी दिन सक्छौं कि सक्दैनौं त्यो बजेटले, यो बजेटले त्यसलाई कार्यान्वयन गर्न सक्छ कि सक्दैन भन्ने मेरो चासो रहेको छ । बजेटको उद्देश्यले, यो वितरण व्यक्तिगत र विचारमा हावि भएको छ त्यसैले म अन्त भन्न चाहन्छु । समयमै कार्यविधि बनाएर जे जति यहाँले सही ढंगले कार्यान्वयन गर्नु हुन्छ, त्यतातिर ध्यान जाओस् भनेर अहिले विदा हुन्छु हस् त धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री सरीता गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री नरदेवी पुन ।

**माननीय सरिता गुरुङ**

माननीय सभामुखज्यू, आज २०७९/८० को रातो कितावमा निस्केको बजेटको बारेमा छलफल गर्न गइरहेको र त्यसै सम्बन्धी ३ वटा मन्त्रालयको बारेमा छलफल हुन गइराखेको छ । त्यो सँगसँगै आज यहाँ धेरै कुराहरु उठ्यो । सबैले सबै कुरामा यो विषयवस्तु भन्दा बाहिर जाँदा हुने वा नहुने भनेर मैले भन्न खोजेको होइन तर त्यति हुँदाहुँदै पनि यो देशको परिवर्तनको लागि आफ्नो जीवन आहुति गर्नु हुने सहिदहरु प्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्न चाहन्छु । आदरणीय नेतृत्व नेताहरु प्रति पनि गर्न चाहन्छु ।

माननीय सभामुखज्यू, आज गोवद्र्धन ट्रष्ट सम्बन्धी माननीय मुख्यमन्त्रीज्यू स्वयं गोवद्र्धन शर्माको माहिला पुत्रले बोलिसक्नुभयो र नेकपा माओवादी दलका नेता पूर्व मन्त्री हरिबहादुर चुमान माननीयज्यूले पनि बोलिसक्नु भयो । तैपनि म त्यसै जिल्लाको जिल्लावासी भएको नाताले बोल्न मन लाग्यो माननीय सभामुखज्यू । म आदरणीय विद्धान नेताहरुलाई के भन्न चाहन्छु भने हामीले बुढी मरी भन्नु भन्दा पनि

काल पल्केको एउटा परम्पराको विकास गरेको छ, त्यो यहाँले पक्कै पनि विचार गर्नु भएको छ होला । किनभने गोवद्र्धन शर्मा एउटा लोकतन्त्रिक, प्रजातन्त्रको निमित आफ्नो जीवन आहूति गर्न उहाँसँगसँगै एउटै समुदायको एउटै जातीको, एउटै गाउँको, एउटै धर्मको कृष्ण बहादुर गुरुङसहित ६ जना सहिद हुनुभयो पुलिंमोरङ शहिद गाउँको तर उहाँ शहिद हुनुभएन तैपनि राणाले टाउको मोल तोकेन कि, आँखा झिक्न खोजेन कि ? सर्वस्वहरण गरेन कि ?

माननीय सभामुखज्यू, म यो ऐतिहासिक गरिमामय सभामा के भन्न चाहान्छु भने यो प्रदेश सभा भनेको एउटा ऐतिहासिक सभा हो । संघीयतालाई सफल गर्ने भनेको प्रदेश सभाले हो । हामी एउटा ऐतिहासिक प्रदेश सभा सदस्य हुँ । त्यसैले हामीले एउटा राम्रो संस्कार बसाले राम्रोहुन्छ, एउटा राम्रो इतिहास लेखिन्छ तर आज हामीले जेजे बोले पनि हुन्छ भन्ने संस्कारको विकास, आदरणीय प्रतिपक्ष विद्धान माननीयज्यूहरुले यो राखु भाको छ । किनभने हाम्ले ०७७/७८ को बजेट भाषणमा स्वर्गिय रविन्द्र अधिकारीज्यूको ट्रष्टको बारे कुरा उठायौं, त्यहाँ आयो, तैपनि हामीले हो, म आफ्नो पनि व्यक्तिसोच के आयोभने उहाँ राम्रो सोचको हुनुहुन्थ्यो, उहाँको निधनले खाली एउटा कास्कीलाई मात्र नभएर नेपाललाई क्षति पुगेको छ भन्ने मेरो मनमा लागेको थियो । उहाँको १३ औंमा नेकपा एमालेकै त्यतिखेर हुनुहुन्थ्यो सरकमा उहाँ १३ औं मनाउँदा खेरी आदरणीय खगराज अधिकारी दाइ जानुभएको थियो, त्यो शोक सभामा म पनि आफू पनि उपस्थित थिएँ । साँच्चै एउटा उर्जनशील नेता हामीले गुमाएका छौं भन्ने महसुस गरेको थिएँ त्यो त्यतिखेर । म नेपाली काँग्रेस प्रतिपक्षमा हुँदाखेरी त्यौ कसैले कुरा उठाएन, किनभने उहाँ सहिद त होइन उहाँ कामको सिलसिलामा जाँदाखेरी एउटा कार्यक्षेत्रमा उहाँको निधन भएको कारणले सम्मान गर्नुपर्छ भन्ने सोचेको थिएँ, तर आज चाहे त्यो नेकपा माओवादीको तर्फबाट होस्, चाहे त्यो काँग्रेसको तर्फबाट होस्, जोसुकै होस्, परिवार त्यागेर, जीवनलाई कुनै प्रवाह नराखेर सहित आफूलाई एउटा सहिद हुनुभएको सहिदहरु प्रति अपमान भएको छ, सहिदको श्रापले असर नपारोस् म यहाँहरुलाई शुभ कामना दिन चाहन्छु ।

आदरणीय सभामुखज्यू, माननीय मुख्यमन्त्री नवलपुर पहाडको वसाई राम्रो होइन भनेर बसाइ सरेर जानुभएको होइन ? सर्वस्व हरण गरेपछि सरकारले फिर्ता गरेको जग्गा टाप्रेघारी फाँट हेरेर बस्न जानु भएको हो ? त्यसैले हामीले यस्ता कुराहरुलाई बिर्सेर, हजुरहरुले लेख्नुथियो एउटा सभ्य भाषा थियो भने, नेताको क्यटगोरी नेताको स्थान किन छुटाउनु भयो ? तर आज उहाँले एकदमै खर्क फिर्ता गर्नुभयो, ट्रष्ट फिर्ता गर्नुभयो । उहाँहरु सबै विद्धान हुनुहुन्छ, पढेलेखेको हुनुहुन्छ, किनभने गोवद्र्धन शर्मा पुराना नेता भइकन पनि, सर्वस्व हरण गरिसकेपछि, प्रवास जीवन विताउँदाखेरी भारत सरकारले पढ्ने अवसर दियो, उहाँ वकिलसाप हुनुहुन्छ अहिले राष्ट्रिय योजना आयोगको उपाध्यक्ष डा. जगदिश चन्द्र एकसय एक लेखपढ गरेको हुनुहुन्छ । सम्पत्तिमा जे जस्तो भएपनि विद्वान वुद्धि भएको कारणले गर्दा बुवाको ट्रष्टलाई निरन्तरता दिन उहाँलाई कुनै आपत्ति छैन । तैपनि हामीले यस्तो कुराहरुको मूल्याङ्कन नगर्दा मलाई आज असाध्यै दुःख लागेको छ, सायद मलाई यो आँखा ओभिएको छैन, किनभने हामीले तनहुँमा एकदेव आले उहाँ नेकपा एमालेको नेता हुनुहुन्छ, उहाँ कृषि क्रान्तिकारी गर्ने नेता हुनुहुन्छ, उहाँलाई पहिला अहिले जिल्ला समन्वय समिति भन्ने गरेकोलाई पहिला जिल्ला विकास समितिको जग्गा थियो, उहाँलाई जग्गा उपलव्ध गरेर एउटा ठूलो विल्डिङ्ग बनाएको छ । एकादेव स्मृति भवन भन्ने छ, तलपट्टि सबै वहुउद्देश्यीय भाडामा दिएको छ । विभिन्न उस गरेको छ, त्यहाँ पुस्तकालय राखेको छ, दुर्गा मन्दिरनिर उहाँको शालिक छ । हामीले एकदेव आलेलाई हामी सम्मान गर्छौ । तर आज गोवद्र्धन शर्मा उहाँको सहकर्मीलाई यत्रो दुरुपयोग भयो, मेरो असमर्थ छ ठिक छ हामी त्यो ट्रष्टलाई निरन्तरता दिन्छौं । त्यहाँ धेरै विदेशीहरु आएर हामीले एउटा स्वयंसेविकाहरुले आएर त्यो अर्गानिक खेती गर्न होस्, चाहे त्यो कुनै एउटा नयाँ नयाँ प्रविधिहरुको कुरा गर्न होस्, त्यहाँ एउटा अध्ययन स्थल तयार भएको छ, त्यसको एउटा संरचना बनिसकेको छ । त्यहाँ एउटा वेश बसिसकेको छ, त्यसैले यहाँले त्यो कुरा मलाई लाग्छ, उहाँहरु पक्कै पनि सत्तामा बस्दाखेरी, झण्डा हल्लाउँदाखेरी, सत्तामा बस्दाखेरि त्यो स्वाद विर्सनु भएको छैन, त्यो स्वाद झल्झली सम्झेर आज यहाँ एउटा गरीमामय सभामा, एउटा ऐतिहासिक सदनमा जो जोले जे जे गरे पनि हुन्छ भन्ने यहाँ व्यक्त भइरहेको छ ।

माननीय सभामुखज्यू, किनभने मलाई लाग्छ, सामाजिक विकास मन्त्रालययमा त्यतिको बजेट हुँदोरहेछ नि त ! सामाजिक विकास मन्त्रालयबाट ३ वर्षसम्म १ सुको ५ पैसा पाएनौं हामी प्रतिपक्षमा हुँदाखेरी । तर अहिले ५ लाखे किन नहोस्, तर सबैलाई धेरथोर, सत्तापक्ष, प्रतिपक्ष सबैलाई त्यो रातो बुकमा छ धेरथोर छ सबैलाई बजेट परेको छ । त्यसैगरी पर्यटन मन्त्रालमा पनि हामीले कहिल्यै पाएन । हामेस्टेको भ्याकेन्सी कुन्नी के के गर्यो भन्थ्यो हामीले कहिल्यै पाएन, त्यो पर्यटन मन्त्रालयलाई पनि जिरो, सामाजिक विकास मन्त्रालयलाई जिरो, स्वास्थ्य मन्त्रालयलाई पनि जिरो हुन्थ्यो । तैपनि स्वास्थ्य मन्त्रालयमा हामी कोभिडको सिलसिलामा लमजुङ, मनाङ अनुगमनमा जाँदाखेरी त्यहाँ लमजुङ जिल्लामा राम्रो व्यवस्थापन देख्यो जिल्ला अस्पताल तर त्यो चाहिँ विदेशीले एउटा कालिटासीले कि के कार्यक्रमले लिएको रहेछ अनि मलाई लाग्यो, यो लमजुङ त विकट जिल्ला विकट हो लमजुङमा पनि ठूला ठूला व्यक्तित्वहरुले नेतृत्व गर्नु भएको छ, तर अहिले सम्म जिल्ला अस्पताल बनेको छैन रहेछ भनेर मैले सोचेको थिएँ मैले साथीहरुसँग यस्तो कुराहरुको बारेमा छलफल गरेको थिए, तर अहिले लमजुङलाई जिल्ला अस्पताल बनाउने भनेर रातो बुकमा लेखेको छ । त्यसको लागि पनि म स्वास्थ्य मन्त्रीलाई आभार व्यक्त गर्न चाहन्छु, किनभने आफ्नो जिल्ला कहाँ के के आवश्यकता छ भन्ने यहाँले पहिचान गर्नुभएकै कारणले एउटा लजमुङ जिल्लामा अस्पताल बनाउन लाग्नुभएको छ। यसमा लमजुङवासीले खुशी मान्नु पर्छ । एउटा गण्डकी प्रदेश सभासदस्यको नाताले यो उल्लेखनिय काम भएको नाताले यो प्रदेश सभामा मेरो आफ्नो व्यक्तिगत धारणा राख्न चाहन्छु।

माननीय सभामुखज्यू, यहाँ धेरै कुरा भएको छ । काम गर्दाखेरी कमीकमजोरी हुन सक्छ । मलाई लाग्छ यो ट्रष्टको बारेमा माननीयज्यूहरुले सामाजिक सञ्जालबाट २ दिन पहिला मैले यो फिर्ता गरिसकें भन्नुभएको छ । तैपनि ती कुराहरुलाई सुनिएन । अनि फिर्ता भएको कुरा नसुन्ने अनि बजेट वितरण भएको कुरालाई एकोहोरो लाग्ने, भनेपछि यसलाई मैलै अघि नै गरेको कुरा दोहोर्याउन मन लाग्यो, किनभने हामी उहाँहरुले जस्तै योद्धाहरुले रगत पसिना बगाउनु भएको थियो, त्यसैले हामीले संघीयतको उपयोग गर्न पाइयो । त्यही कारणले हामी जस्ता एउटा महिलाले

जनजातीले प्रदेश सभाको रोष्टममा उभिएर बोल्न पाइरहेको छ । त्यसैले आइन्दा म के भन्न चाहन्छु भने, प्रतिपक्षको विद्धान माननीयज्यूहरुलाई स्मरण रहोस्, बुढी मर्यो भन्दा काल पल्क्यो यो परम्परालाई हामी सत्तापक्षमा हुँदा हास् आज हामी प्रतिपक्षमा हुँदा यो पन्छने छैन । यो कुरालाई बिर्सेर हामी नेपाली काँग्रेस अगाडि बढ्ने यहाँलाई विश्वास दिलाउँदै यो बजेट प्रति म र मेरो दलको पूर्ण रुपमा समर्थन रहेको विश्वास सभामुख मार्फत जानकारी गराउन चाहन्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री नरदेवी पुनलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री पुष्पा के.सी. भण्डारी ।

**माननीय नरदेवी पुन**

माननीय सभामुखज्यू, हामी आ.व. ०७९/८० को वार्षिक विकास कार्यक्रमको सम्बन्धमा छलफलमा जुटेका छौं । म साह्रै दुःखी छु, किनभने गण्डकी प्रदेशको यस वार्षिक कार्यक्रम सर्वसाधारण नागरिकहरुले प्रदेश सभा आवश्यक छैन भनि सामाजिक सञ्जालमाथि आफ्ना विचार गरिरहेका छन् । हामीले अहिले विशेष गरी हामी अघिल्लो सरकारको बेलामा विशेष गरी प्रतिपक्षका साथीहरुले पोके बजेट, धोके बजेट र कार्यकर्ता पोसाउने बजेट धेरै पटक मैले सुन्नमा पाएको थिएँ । त्यतिबेला एउटा विधि थियो, तपाईंहरुले जस्तै अहिलेको सरकारले जस्तै आफ्नो कार्यकर्तालाई नाम टिप्न लगाएर कार्यकर्तालाई दिएको नामको आधारमा यो रातो कितावमा मैले चढाउन सकिन त्यतिबेला प्रस्ताव आह्वान गर्ने र गरिसकेपछि परेका प्रस्तावहरुलाई निश्चित नम्वरीङको आधारमा सेलेक्सन गर्ने र समानुपातिक बजेट वितरण गर्ने काम चाहिँ त्यतिबेलाको सरकारले गरेको थियो र अहिले पनि मलाई माननीयज्यूहरुले मलाई आरोप लगाउनु हुन्छ, तेरो पालोमा मैले केही पनि पाइन । त्यतिबेला जो जोले आफ्नो प्रस्ताव राख्नुभयो र प्रस्तावमा उहाँहरुको प्रस्ताव नम्वरिङमा अगाडि आयो, त्यो प्रस्तावले पाएको थियो। त्यतिबेला एमालेको मान्छेले पाउने, काँग्रेसको मान्छेले नपाउने, माओवादीको मान्छेले पाउने, राप्रपाको मान्छेले नपाउने गरेको होइन । यहाँहरुले त्यो प्रस्तावलाई भित्र आफूलाई प्रवेश गराउन सक्नुभयो कि भएन ?

त्यो आफ्नो कुरा छ । त्यसैले त्यतिबेला एउटा विधिको आधारमा बजेट कार्यक्रम छनोट गरेको कुरा म तपाईहरुलाई राख्न चाहन्छु । प्रस्ताव नपरेको ठाउँमा बजेट दिन मिल्दैनथ्यो, त्यसो भएकोले केही केही ठाउँमा असन्तुलन भएकै हो । यो बजेट संविधान कानुन विपरित छ, त्यो हामी अहिले जिकिर गरिरहेका छौं । हाम्रो गण्डकी प्रदेश सरकारले अहिले प्रस्तुत गरेको छ ५४ अरव ३३ करोड ८ लाख बजेटको १२ प्रतिशत नबढाइकन ऋण लिन पाउने गरी संविधानले व्यवस्था गरेको संवैधानिक आयोग राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको विपरित बजेट प्रस्तुत भएको छ । यहाँ टालाटुले उत्तर हामीले पाएका छौं र आगामी दिनमा प्रदेश सरकारलाई अप्ठ्यारो पर्ने कुरा निश्चित छ भन्ने म राख्न चाहन्छु । सँगै विनियोजन यो रेडबुक आइसकेपछि अर्को २ वटा पाना पनि थपिएको छ। अर्थमन्त्रीज्यूले निर्वाचन क्षेत्र विकास कार्यक्रम राख्छु भनेर बोल्नु भएको छ, जो रेडबुकमा आएको छैन । अहिले मुख्यमन्त्रीज्यूले ट्रष्ट फिर्ता गर्छु भन्नुभएको छ, यो कुन नियमको आधारमा बोल्दै हुनुहुन्छ ? यसैले हात उठाउँदाखेरी प्रतिपक्ष भन्दा सत्तापक्ष धेरै हुनुहुन्छ होला, पास गर्नुहुन्छ होला, तर नीतिगत रुपमा, कानुनी आधारको रुपमा यो बजेट फेल भएको छ र बजेट फेल भइसकेपछि सरकार पास हुन्छ कि हुन्न यो आफै जान्ने विषय राख्न म चाहन्छु । अहिलेको यो बजेट अनुत्पादक क्षेत्रमा धेरै लगानी भएको छ । यसले दिगो विकासको लक्ष्यलाई पछ्याएको छैन भन्ने कुरा म तपाईंहरुलाई राख्न चाहन्छु । यो वार्षिक विकास कार्यक्रम मसिनो गरी अध्ययन गर्दा कुल मन्दिरलाई बजेट दिइएको छ, टोल टोलमा भएका मन्दिरहरुलाई मर्मत गर्नको निम्ति, निर्माण गर्नको निम्ति बजेटको व्यवस्था गरिएको छ । सामुदायिक भवन, युवा क्लवको भवन, आमा समूहको भवन, विभिन्न व्यक्तिको नाममा पार्क र भवनहरु बनाउने, सरकारका मुख्यमन्त्री र मन्त्रीहरुका बा–आमाको नाममा ट्रष्टलाई बजेट राख्न उद्देत छन्, बजेट पाउने त खुशी भए होलान्, सत्तापक्षका कार्यकर्ताहरु छाती फुलाउँदै गफ गर्दै होलान्, तर यस वार्षिक विकास कार्यक्रमले प्रदेशमा रहेको गरीवि हटाउने, रोजगारी सृजना गर्ने, प्राविधिक जनशक्ति उत्पादन गर्ने, असल अनुशासित जनशक्ति उत्पादित गर्ने विषयलाई यो बजेटले महत्व दिएको छैन । मैले सबै एक बाइ एक पढ्दै जाने बेलामा प्राविधिक शिक्षालाई यो सरकारले जम्मा ५० लाखको व्यवस्था गरेको छ

। त्यसैले म फेरी पनि यो रोष्टमबाट भन्छु, यो गण्डकी प्रदेश सरकार दिशाविहीन बन्दैछ । प्रदेशको आवश्यकतालाई भन्दा कार्यकर्ताको आवश्यकतामा आधारित छ । यो बजेट प्रस्तुत भइसकेपछि मेरै गाउँपालिकाको अमूक पार्टीको एकजना कार्यकर्ताले हाम्रो कमिटीको वैठक बसेर छनोट भएका योजनाहरु अमूक प्रदेश सभाको सदस्य अमूक मन्त्रीले पारी दिएकोमा धन्यवाद भन्नु भएको छ । तपाईंहरुले आवश्यकताको आधारमा छनोट गर्नुभएको छ कि ? अमूक पार्टीको वैठकले निर्णय गरेका कुरालाई रेडबुकभित्रै इन्ट्ी गर्नुभएको छ ? अर्को कुरा सुन्दैछु, यो रेडबुक हेरिसकेपछि यो रेडबुकमा पारेको बजेट फलना नेताले अमूक नेताले पाएको हो भनेर धन्यवाद पाईसकेपछि, अर्को पार्टीको अमूक नेताले त्यो बजेट पार्न त मैले निवेदन दिएको थिएँ, उसले पो धन्यवाद पाएछ भन्ने गुनासो गरेको मैले सुनेको छु । त्यसो भएको कारणले गर्दाखेरी यो बजेट आवश्यकताको आधारमा नभइकन चुनावमा भोटको निम्ति, आफ्ना कार्यकर्ताहरुलाई खुशी बनाउनका निम्ति असाध्यै टुक्रे बजेट वितरण गरिएको छ । त्यसैले यो बजेटको पक्षमा म र मेरो पार्टी यसमा सहमत छैन भन्न म यहाँहरुको बिचमा राख्न चाहन्छु । बजेटले आफ्नो क्षेत्र अधिकार बिर्सेका छ । भौतिक पूर्वाधारको क्षेत्रमा २ वा ३ गाउँपालिका जोड्ने सडक २ वटा जिल्ला जोड्ने सडक प्रदेश सरकारले निर्माण गर्न पाउने क्षेत्रभित्र छ । तर आजको यो भौतिक मन्त्रालयको बजेटभित्र हेर्दा सानो सानो, छोटो छोटो बाटोलाई पनि पैसा पारेको छ । मैले सुनेको छु, सत्तापक्षका सांसदहरुलाई ५—५ करोड दिएको थियो रे । ५—५ करोड दिंदाखेरी सत्तापक्षका सांसदहरुले बाँड्दा खेरी यो सानो भएको हुन सक्छ, यो सरकारको वाध्यता हुन सक्छ, त्यसैले यसरी टुक्रे बजेट लैजादाखेरी प्रदेश सरकार हो कि गाउँपालिका हो ? प्रदेश सरकार हो कि वडा कार्यालय हो ? छुटयाउन गाह्रो भएको छ यसरी यो ओभरल्यापिङ्ग गरेको कुरा म तपाईंहरुको बिचमा राख्न चाहन्छु । यो टोल—टोलमा बजेट बाँड्दै गर्दाखेरीे म्याग्दी जिल्लाको, मेरो निर्वाचन क्षेत्रको लुनालुलाङ देखि गुर्जा जानेबाटो जम्मा १० लाख भित्र परेको छ । हिजोको सरकारले क्रमागत योजनाभित्र पारेको यो बाटो, आजको सरकारले जम्मा १० लाख किन पार्छ ? तपाईंहरुलाई हेक्का होस्, धवलागिरी गा.पा. मा नेपाली काँग्रेस र माओवादीको गठवन्धनले चुनाव जितेको छ । गुर्जा १ नं. वडा त्यसमा माओवादीले

चुनाव जितेको छ, तर किन १० लाख ? त्यसैले तपाईंहरुले जुन खालको विभेध गर्नुभएको छ, म्याग्दी जिल्लामा पूर्वाधारको मन्त्री हुनुभएन त्यसो भएको हुनाले तपाईंहरुले महत्वपूर्ण बाटोलाई कम आँक्नु भएको कुरा म तपाईंहरुको बिचमा राख्न चाहन्छु । तपाईंहरुले जुन खालको टुक्रे योजना ल्याउनु भएको छ, त्यो टुक्रे योजना ल्याउँदाखेरी हाम्रा जनशक्ति, हाम्रा कार्यालयहरुले स्टिमेट गर्ने, अनुमान गर्न गर्न सक्थ्यो कि सक्थेन ? हामीसँग त्यस्तो धेरै जनशक्ति छ कि छैन हामीसँग? आज हामीले हिजो सरकारमा हुँदाखेरी जिल्ला जिल्लामा महिला, बालबालिका, जेष्ठ नागरिकहरु समाजमा पछाडि पारेका वर्गलाई समेट्ने खालको कार्यक्रम लैजानको निम्ति सामाजिक विकास कार्यालय जरुरी छ भनेर हामीले हाम्रो ११ वटै जिल्लामा सामाजिक विकास कार्यालय स्थापना गर्यौं । तर आज त्यो सामाजिक कार्यालयभित्र त्यो जनशक्तिले काम गर्न सक्ने कुनै पनि बजेट मैले देखेको छैन । त्यसो भएकोले कारणले यसमा सरकार चुकेको छ भन्ने कुरा म राख्न चाहन्छु । संक्रामक तथा सरुवा रोग अस्पतालको सम्बन्धमा २३ करोडमा टेण्डर भएको छ र त्यो अस्पताल गण्डकी प्रदेश सरकारको अस्पताल हो तर जम्मा ५ करोड, भवन निर्माणको लागि ५ करोड बजेटको व्यवस्था गर्नुभएको छ, तपाईंलाई हेक्का छ कि छैन ? अघिल्लो सरकारले हाम्रो गण्डकी प्रदेशको नागरिकहरुको आर्थिक स्थिति वृद्धि गर्नको लागि जडिबुटी संकलन प्रशोधन केन्द्रको स्थापना गर्ने गरी बजेट राखेको थियो, आज त्यो सबै पाना पल्टाउँदा मैले त्यो पाएको छैन । आफ्नो हितिको एकल अधिकारभित्र रहेका संस्थाहरुलाई अगाडि बढाउने काम गण्डकी प्रदेश सरकारको दायित्वभित्र पर्दछ त्यसैले अर्थविविध्मा पैसा छ भन्ने सुनेको थिए । त्यो पैसा थप्नको लागि म अनुरोध गर्न चाहन्छु । धन्वन्तरी मूर्ति राख्ने भनेको छ, ११ वटै जिल्लमा मूर्ति बनाउने भनेर बजेट राखेको छ याहा ! तपाईंहरुको दृष्टिकोण भनेको के हो ? त्यो कारणले मुर्ति बनाएर त्यसले उत्पादन दिन्छ के ? यस्ता बेठीक कुराहरु तपाईंले आफ्नो रेडबुकमा राख्नभएको छ यसलाई तुरुन्त हटाउनका निम्ति म अनुरोध गर्न चाहन्छु । तपाईंहरुले सम्पन्न नभएका खानेपानी योजनाहरु काट्नु भएको छ । तपाईंहरुको खल्तिमा चिट आएन, त्यसको आधारमा काट्नु भएको छ । आज तपाईंहरुले प्रतिपक्षलाई औंला ठड्याउनु भएको छ, प्रतिपक्षले होइन तपाईंहरु प्रति

जनताले औँला ठड्याएको कुरा म राख्न चाहन्छु । त्यति मात्र होइन हाम्रो शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयले नै हाम्रो समाजमा जातीय विभेद छ, लैंगिक विभेद छ, लैगिक हिंसा छ, बालविवाह छ, वहु विवाह छ, मानव बेचविखन छ, दाजो प्रथा छ यस्ता प्रथा अन्त गर्नको निम्ति जम्मा ५ लाख पचास हजार पैसा राखेको छ । खै कठै ! हाम्रो सरकारको दृष्टिकोण । त्यसैले पहिला यो सरकार कहाँ पुग्ने हो, कुन कुन क्षेत्रलाई अगाडि बढ्ने हो, कुन कुन क्षेत्रलाई महत्व दिने हो ? भन्ने कुरा सरकारले जान्न जरुरी छ । त्यसैले यो सरकार नसुन्ने, आँखा नदेख्ने भएको छ । हेमजामा असार १० गते पहिरोमा गएको छ, नागरिकहरु बिचल्लीमा छन, अहिले यो सरकार यहीँ छ, एक पटक गएको छैन त्यसैले गण्डकी प्रदेश सरकार यहीँ नजिकै छ एक पटक गएको छैन र गण्डकी प्रदेश सरकारले आँखा देखोस् र कान सुन्ने होस र लोगो लगाएर हिंड्दाखेरी गर्वले छाती फुलाएर हिड्न सक्ने हैसियत हाम्रो बनोस् भन्ने म कामना गर्न चाहन्छु । त्यसैले यो प्रतिपक्षले उठाएको मुद्दा यसलाई गर्नु हुन्न भन्नेतिर नजानकोे निम्ति म अनुरोध गर्दै फेरी पनि गण्डकी प्रदेश सरकारको यो बजेट टाउकोको आधारमा होइन, कानुनी आधारमा फेल भएको छ । त्यसैले अब गण्डकी प्रदेश सरकारले के गर्ने भन्ने जानोस् । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य डा. श्री पुष्पा केसी भण्डारीलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री इन्द्रलाल सापकोटा ।

**माननीय पुष्पा के.सी. भण्डारी**

माननीय सभामुख महोदय, विनियोजन विधेयक २०७९ अन्तरगतको तोकिएका मन्त्रालयहरुको विषयमा र वन मन्त्रालयलाई पनि जोड्न चाहन्छु । आ.व. २०७९/८० को कार्यक्रमहरुलाई नियाल्दा धेरै मेहेनत गरेर, धेरै संख्यामा, धेरै पक्षलाई समेट्ने गरी सानो सानो रकम राखेर, छोटो समयमा कार्य सम्पादन गर्न सकिने गरी यी कार्यक्रमहरु ल्याइएको छ । जसले वर्तमान गठवन्धनको सरकारलाई आसन्न निर्वाचनमा जनता समक्ष उपस्थित भएर बोल्न सहज बनाउने छ । यस

चातुर्यता कार्यका लागि सरकारलाई धन्यवाद दिनुपर्छ, यद्यपी यो बजेटको सर्वत्र विरोध भइरहेको छ ।

सभामुख महोदय, सामाजिक मन्त्रालयको कार्यक्रमको बारेमा कुरा गर्नु पर्दा यहाँ ठूला ठूला रकम रहेका  आफ्ना अग्रजका सम्मानमा ट्रष्ट राख्ने देखि महिला, दलित, अपांग, जेष्ठ नागरिका, सिमांन्तकृत, वृद्धाश्रम, स्कुल, मदरसा आदिलाई सहयोग सहयोग गर्ने कार्यक्रमहरु पनि छन् । यद्यपि  आफ्ना परिवारको नाममा ट्रष्ट राख्ने कार्यक्रममा व्यापक जनविरोध भइरहेको छ । आज म जनताको पक्षमा बोल्छु भन्नेहरुको पनि फरक रुप देख्दा स्तव्ध छु ।

समाभुख महोदय, महिलाहरुको उत्थानको पक्ष सदा मेरो चासोको विषय रह्यो । यस मन्त्रालयले त्यो पक्षका निकै पाटाहरु समेटेको पनि देखियो, तर यसै समाजमा बस्ने लैंगिक तथा यौनक अल्पसंख्यकका लागि भने कुनै कार्यक्रम देखिन । जबकि बजेटको ८५ नं. बुँदामा र नीति तथा कार्यक्रमको ८७ र ८४ नं. बुँदामा उनीहरुको बारेमा उल्लेख छ । महिलामा मात्र केन्द्रित मेरो ध्यानलाई उनीहरुले प्रश्न गरेर आफूहरु तर्फ खिँचे र मैले पटक पटक सम्मानित सभामा उनीहरुको विषय उठाएँ, तर यो कार्यक्रम हेर्दा नीति कार्यक्रम बजेटमा थिएन, बजेटमा जस्तो कार्यक्रममा भएन भन्ने प्रष्ट भयो ।

सुभामुख महोदय, यो गलत हो । समाजको एउटा उपेक्षित वर्गलाई सरकारले अझ उपेक्षा गर्नु हुने थिएन, यो कुराले मलाई क्षोभ भइरहेको छ ।

सभामुख महोदय, समाजका विभिन्न वर्गलाई धेरै थरिका तालिम दिने, सीप सिकाउने भनेर यहाँ भनिएको छ । उद्यमी बनाउने अपेक्षा गरिएको छ, तर उद्यमी बनेर उद्यमबाट उत्पादित वस्तुको बजार के हुनेछ भनेर यहाँ कति प्रष्ट छैन । झोला बुनेपछि कहाँ बेच्ने ? ढक्की बुनेर कहाँ निर्यात गर्ने ? कसरी स्वेदशी उत्पादनलाई उपयोग गर्ने बानी बसाल्ने यसबारे उल्लेख छैन। सबै सीपहरु धारा जडान र प्लम्विङ जस्तो सीप मात्र बेच्ने हुन्ननि सभामुख महोदय । के यसरी नै हो त ? सक्षम महिला समानान्तर पाइला हुने ? यो म हजुर मार्फत सरकारलाई सोध्न चाहन्छु । त्यसैगरी छोरीहरु हिंसापीडित भएको अवस्थामा राख्न पुनरस्थापना केन्द्र बनाउनु ठिक छ, तर

छोरीहरुलाई हिंसाबाट बचाउन र उनीहरुलाई आत्मरक्षा सम्बन्धी उनीहरुलाई खेल सिकाउनु हुँदैन ? पटक  पटक यो कुरा राखें सम्मानित सदनमा, तर कार्यक्रममा आएन । छोरीको अस्मिताको रक्षाको लागि पनि संवेदनशील नबन्ने यो कस्तो सरकार हो ? घाउ बनाएर मलम लगाउनु भन्दा घाउ हुन नदिन प्रयत्न गर्नु श्रेयष्कर हुन्छ नि, होइन र सभामुख महोदय ? स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा मेरो जिज्ञासा के छ भने, नीति कार्यक्रमको १८ नं. बुँदामा उल्लेखित अति विपन्न सुत्केरीलाई ४५ दिन सम्मको स्थानीय तहको सहकार्यको पोषण भत्ता उपलव्ध गराइने छ भन्ने उल्लेख छ । त्यो बजेट हुँदै कार्यक्रमसम्म आइपुग्दा त्यही नाममा या स्वरुपमा नदेखी आमा तथा बालबालिकाको पोषण सुधार आयोजना भनेर देखियो । के यसले त्यो विपन्न सुत्केरीको ४५ दिनसम्म पोषण भत्तालाई समेट्छ ? यो मेरो सभामुख मार्फत सम्बन्धित मन्त्रालयलाई प्रश्न हो र म सकारात्मक उत्तरको अपेक्षा गर्दछु र यो अत्यन्त संवेदनशील विषय हो भन्ने हेक्का राख्न पनि यहाँ मार्फत ध्यानाकर्षण गराउँछु ।

सभामुख महोदय, पर्यटन भनेको पदमार्ग र पार्क र होमस्टे मात्र हो जस्तो देखिन्छ यहाँ । पर्यटकीय गन्तव्यको प्रारुपको संरक्षण र व्यवस्थापन पनि हो भन्ने तर्फ मन्त्रालय सचेत देखिन्न। त्यसैगरी मानव निर्मित पर्यटकीय गन्तव्यमा प्राचिनताको झल्को दिनु पर्छ भन्ने खालको न सोच न कार्यक्रम यहाँ देखिन्छ । कार्यक्रम गरेर भन्दा पनि बजेट छरेल्नु भनेर छरलेको जस्तो देखिन्छ ।

सभामुख महोदय, उद्योगको कुरा के गर्नु ? आफ्नो घरेलु उद्योगबाट उत्पादित समान हरुले बजार पाइरहेको हुँदैन, तर पर्यटकीय स्थलका स्थलहरुमा विदेशबाट आयात गरिएका आयातित सामानहरुले स्थान पाइरहेको छन् । नैतितालमा पाइने र फेवातालमा पाइने सामानमा भिन्नता ल्याउन सके बल्ल आफ्नो पहिचान बन्न सक्छ, तर यहाँ त्यस्तो छैन । हरेक पर्यटकीय गन्तव्यमा पुग्दा पर्यटकहरुले त्यो स्थानको खास चिज के हो ? भनेर सोध्ने गर्छन् र त्यो चिज किनेर आफन्तलाई फेज दिने गर्छन् । तर हामी यत्रतत्र सर्वत्र उपहारहरु गुडुल्किरहेको छ, टिपेर दान दिन ब्राण्ड दिन पनि सकेका छैनौं, भन्छौं सुनको थाल थापेर भिख माग्छौं यो गर्दा गर्व हुन्थ्यो

कि ? तर मलाई थाहा छैन । तर सुनको थाल भन्नेहरुलाई सुन के हो थाहा छ कि छैन ? सुनको थाल भन्नेहरुले सुनको केहो भन्ने नै थाहा छैन भन्ने लाग्छ मलाई । मेरो बुझाईमा त यो देशको प्राकृतिक सम्पदानै सुन हो । पानी, वन, जडिबुटी, पहाड, हिमाल, कीटपतङ्ग, उर्वर जमिन सबै सुन हुन् तर यो सुनको सिटी भिल्लको देशमा मणिको दुरदशा जस्तो भएको छ । पानी विना जीवन सम्भव छैन तर त्यो मुहानको संरक्षणमा सरकारको ध्यान छैन । न जलस्रोत मन्त्रालयको तर्फ, न खानेपानी मन्त्रालय तर्फ कतै पनि यो मुहानको संरक्षण भएको देखिन, जबकि पृथ्वीमा १ प्रतिशत कम पिउन योग्य पानी छ तर हामीकहाँ जताततै बगेर गएको पानी संरक्षण गरेर बोतलमा भरेर विदेशी मुद्रा आर्जन गर्ने कुरा यस्तो भन्नेलाई नै उपहास गरेर विदेशबाट पानी भर्ने प्रचलन रोकिएको छैन ।

सभामुख महोदय, हरियो वन नेपालको धन भनेको कुरा त्यसै त थिएन, तर त्यसको पनि उपयोग भएको छैन । वन संरक्षण पश्चात उपयोग पनि गर्ने हो । वैदेशिक मुद्रा आर्जन गर्ने पनि हो, तर हाम्रो सरकार भाषणमा हाम्रो पानी, हाम्रो खानी, हाम्रो वन भन्न जान्दछ तर त्यसको उपयोग कसरी गर्ने भन्नेमा रत्तिभर चिन्तन छैन । २०७९/८० को वार्षिक विकास कार्यक्रमलाई नियाँल्दा वन वातावरण तथा भूसंरक्षण मन्त्रालयले वन पैदावारजन्य उद्यम स्थापना अनुदान भनेर र मंकी पार्कका लागि सम्भाव्यता अध्ययन भनेर राखेको बजेट समान छ, के यो सुन्दा असहज लाग्दैन रु जुन प्रदशेमा आफन्तका ट्रष्टलाई राखेको बजेट रकम भन्दा कयौं गुणा कम रकम उद्यममा राखिन्छ त्यो प्रदेशमा उद्यम महुलाउन कसरी सक्छ र ? उता पर्यटन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको वार्षिक विकास कार्यक्रम हेर्दा उद्यमशीलता तालिम, सीप विकास तालिम, प्रविधि हस्तारन्तरण जस्ता कार्यक्रम देखिन्छन् । उद्योग स्थापना भन्नेचाहिँ मैले कतै देखिन, अरुले देख्नु भयो कि ? यस्तो स्थितिमा जब उद्योग स्थापना गर्न नै कठिन छ भने प्राकृतिक उद्योगको सही परिचालन गर्नु पर्छ कि पर्दैन ? त्यो प्राकृतिक उद्योग भनेको वन हो, वनमा काठ, दाउरा, घास, जडिबुटी, वन्यजन्तु आदिको निरन्तर उत्पादन भइरहन्छ, तर त्यो उत्पादन हरेक वर्ष सुकेर, मरेर, ढलेर, लडेर, कुहिएर खेर गइरहेको छ, त्यसको उचित स्याहार उपयोग गर्नु पर्छ भन्ने न प्रदेश सरकारलाई छ न संघ सरकारलाई । नविकरणीय प्राकृतिक स्रोत हो यो, पेट्रोल र

कोईला होइन यो, जसको खानी रित्तियोस् । २९ प्रतिशत वनबाट ४५ प्रतिशत वन पुगेको छ भने यो यत्तिकै राखिराख्न होइन, यसबाट आय आर्जन गर्न हो, यसलाई प्रयोग गरेर पनि जत्तिको त्यत्ति राख्न सकिन्छ । यसमा सरकारको कमि हो वा अरुनै तत्वले काम गरेको छ । यो अनुसन्धानको विषय बनेको छ, किनकि हाम्रा जंगलमा सालको रुख ढलेर धमिरो लागेका छन् । यता मलेसिया र इण्डोनशिया लगायत ३६ राष्ट्रबाट पौने छ अरव जतिको काठ आयात हुन्छ । हाम्रो देशमा के यो प्रश्न गर्नु पर्ने कुरा होइन ? तर सरकार वैज्ञानिक वन व्यवस्थापन जस्तो उपयोगी कार्यक्रम ५ वर्ष परीक्षणको रुपमा पनि हेर्न नसकी बन्द गर्दछ । अनि के काम त्यो सुनको ? भण्डारको ? जुन सधैं भूगर्वमा रहन्छ । मान्छेले सुनलाई सुन बनाएर बेच्छन्, हामी भएको सुनलाई सुन हो भनेर भन्न सकिरहेका छैनौं । वनबाट र वनभित्रबाट पाइने हरेक उत्पादनको यही स्थिति छ, यो प्रदेश र यो मुलुकमा । वनको कुरा छोडौं किसानलाई आफ्नो बारीमा वन बनाऔं, जडिबुटी रोप भनेर भन्ने, हुर्केपछि त्यही पैदावारबाट किसानलाई नाना झमेला झेल्नु पर्ने हुँने गर्दा किसान वनजन्य पदार्थको उत्पादनमा निरुत्साहित हुने गरेका छन् । बारीको साग, मुला, दूध, घिउ, मुला बेचेजस्तै यी वन पैदावारले पनि बजारमा सहज विक्री हुन पाउनु पर्छ । उत्पादनको बिक्री अनुसारको कर लेओस् तर विक्री गर्न सहज होस्, तर यता तर्फ पनि सरकार मौन नै छ । जनताको हातखुट्टा बाँधेर उद्यमी गरिनस् ? भनेर हुँदैन, यो कुरा म सभामुखज्यु मार्फत सरकारको ध्यानाकर्षण गराउदछु । त्यसैगरी थोरै कुरा भू तथा जलाधार व्यवस्थापन कार्यालयको पनि थोरै जोड्न अनुमति चाहन्छु । सभामुख महोदय, थुप्रै कार्यक्रमहरु यो कार्यालयले हेर्ने गरिराखेका छन्, तर लागु गर्न जम्मा २ वटा कार्यालयहरु स्याङजा र पर्वतमा छन् । २ वटा कार्यालयले ११ वटा जिल्लाको काम हेर्नु पर्ने यो संघीयता लागु भएको हो कि, केन्द्रीकरण लागु भएको हो । २ वटा जाली लिन कति भाडा तिरेर कहाँ पुग्नु पर्ने ? यदि प्रदेश सरकार हो भने संरचना पनि हुनु पर्दछ । जनतालाई सुख दिन ल्याएको संघीयताले दुःख दिन अवश्य पनि हुँदैन यसतर्फ पनि सभामुख मार्फत सरकारको ध्यानाकर्षण गर्दछु । अन्तमा, सभामुख महोदय, चाहे घरमा होस् या राज्यमा, ढुकुटीको साचो हातमा लिनु भनेको परिवार र जनताको भरोसा र विश्वासको चावी हातमा लिनु हो । तर हाम्रो

मुलुकको संघ र प्रदेश दुवै तहमा ढुकुटीको साचो लिनेहरुमा विश्वासको संकट देखियो जुन असाध्यै दुःखदायी पक्ष देखियो भन्दै मेरो अनुमति भनाइ यहीँ टुंग्याउने अनुमति चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री इन्द्रलाल सापकोटालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री पियारी थापा ।

**माननीय इन्द्रलाल सापकोटा**

माननीय सभामुखज्यू, हामी आज यो संसदमा बजेटको सन्दर्भमा मन्त्रालयगत अन्तर्गत छुटयाएको विकास खर्चको सन्दर्भमा विनियोजित बजेटको सन्दर्भमा छलफल गर्न उपस्थित भएका छौं । मैले सर्वप्रथम यहाँहरुको बिचमा अत्यन्तै नम्रताकासाथ राख्न चाहन्छु । यी सत्तापक्षका मित्रहरुलाई मैले यो २ वर्षदेखि यो रोष्टममा जति पटक बोलेको छु, त्यति पटक मैले यो शब्द दोहोर्याउने गरेको छु कि गण्डकी प्रदेश सरकारले संविधानको भावना, संविधानको व्यवस्था र संघीयता मूल मर्म र प्रदेशको गरीमालाई निच गर्ने काम गर्यो, घटाउने काम गर्यो। म नीति कार्यक्रम माथि मेरो अभिव्यक्ति राखेको छु, नीति तथा प्राथमिकता माथि मेरा अभिव्यक्तीहरु राखेको छु ।आज पनि म भन्न चाहन्छु मैले यो रातो किताव सरसर्ती मसिनै गरी हेर्ने प्रयत्न गरें । म शीर्षकवाइज अहिले सबै विषयमा जान चाहन्न । फेरी पनि तपाईं हामीले आत्मसात् गर्नुस्, मलाई लाग्छ असल पार्लियामेन्टको त कुरा गर्नुभयो, जवाफदेही सरकार हुनु पर्छ कि पर्दैन ? जिम्मेवार सरकार हुनुपर्छ कि पर्दैन ? तपाईंहरु उत्तरदायी सरकार हुनु पर्छ कि पर्दैन ? तपाईंहरु अहिले पनि भन्दै हुनुहुन्छ, हिजोको सरकारले गर्यो, मैले गरें । प्राकृतिक स्रोत तथा वित्त व्यवस्थापन आयोगले चैतमा तपाईंहरुलाई निर्देशन गरेको छ । १ गते बजेट आउँछ, टोटल आएको भन्दा तपाईंहरुले १२ प्रतिशत भन्दा बाँकी बढाएर आन्तरिक ऋण लिन पाउने कुनै छुटै छैन । त्यो प्राकृतिक स्रोत तथा वित्त व्यवस्थापन आयोग संवैधानिक आयोग होइन ? प्रदेश सरकार, स्थानीय सरकार र केन्द्रीय सरकारको आन्तरिक ऋणको व्यवस्थापन गर्ने निर्देशन गर्ने अख्तियारी बोक्दैन ? तर आज गौरवका साथ भनिरहेको छौं,

प्राकृतिक स्रोत तथा वित्त व्यवथापन आयोग पूर्वाग्रही हो त्यसकारण हामी मान्दैनौं पाइन्छ ? संविधान मिच्न पाईन्छ ? उल्लंघन गर्न पाईन्छ ? भत्काउन पाइन्छ ? आज तपाईंहरु भर्खरै श्रीलंकाको घटना हेरिरहनु भएको छ । आज श्रीलंका राष्ट्रपति कार्यालय जनताले घेरा गरे, आज राष्ट्रपति भाग्दै हुनुहुन्छ । तपाईंहरु संख्याको कुरा गरेर, गणितको कुरा गरेर मात्र १ सिट बढी छ भनेर नाममा मिच्न पाउनु हुन्न खवरदारी छ । दोस्रो कुरा, तपाईंहरु बजेट हेर्नुस् एक पटक योजनालाई क्रमागत योजनामा तपाईंहरु कहाँ पुग्नुभएको छ ? वहुवर्षिय योजनामा कहाँ पुग्नु भएको छ ? मोटरेवेल बाटा नियमित खानेपानीहरु १ घर १ धारा मैले अस्ति पनि भनेको थिएँ, २० वर्ष सक्ने कि, २५ वर्षमा सक्ने कि, ५ वर्ष ? कुनै निदिष्ट छ ? यो २ वर्षमा तपाईंले एउटा मोटरेवल पुल सम्पन्न गर्यौं भन्ने छ ? कहीं छैन । अनि योजनाको राशी हेर्दा तपाईंको अत्यन्तै ठूलो राशी ५ लाख देखि ३० लाख बिचमा । अनि तपाईंहरु यो प्रदेशका कार्यालयहरुले, यी यति धेरै योजना म्एच् गरेर सम्पन्न गर्न सक्ने मेनपावर दिनुभएको छ ? प्राविधि दिनुभएको छ ? प्राविधिक जनशक्ति दिनुभएको छ ? अनि तपाईंहरुले ५ लाखको योजना ठेक्का गर्ने हो कि को मार्फत बनायने हो ? अनि १० लाखको योजना, १५ लाखको योजना,२० लाखको योजना कसरी सम्पनन गर्ने हो ? के सबै अब प्रदेश सभाको मार्फत जान खोज्नुभएको हो ? यो तरिकाले ठिक छ चुनाव आएको छ, अलि अलि साथीहरु भोट फकाउनोस् केही छैन तर प्रदेशको ढाड नै सेकाउने गरी, प्रदेशको गरीमा नै भत्काउने गरी, आज मैले प्रदेश सांसद भन्दा मैले कृष्णचन्द्र नेपाली पोखरेललाई गाली गरेर, कुनै संसदको रोमा बस्ने साथीलाई मैले गाली गरेर उन्मुक्ति पाउँछु ? पाउँदिन । आज आम जनताले गाली गरिरहेका छन् र मलाई गौरव हुनुको सट्टा मैले प्रदेशको सभासद भनेर लोगो लगाउन पनि लाज लागिरहेको छ । मैले अस्ति पनि भनेको थिएँ, तपाईंहरुको काम दउरा सुरुवाल लगाउने, गाडी चढ्ने, २ जना सांसद हुनुहुन्छ दुवैजना गाडी चढ्नुभएको छ, अनि संघीयता विरुद्धमा चर्काचर्की कुरा गरिरहनु भएको छ अनि सेवा सुविधा हामीलाई चाहिँदैन भन्नुभएको । अनि सुन्दैछु, आज तपाईंहरुको विज्ञप्ति हेरें । मुख्यमन्त्रीज्यूको भरत कोइरालाले विज्ञप्ति निकाल्नु भयो यो संसदमा राख्नुभयो । मैले ट्रष्टका नाममा पैसा राख्नुभयो त्यसमा गुनासो होइन, राख्नुस् नराख्नुस् त्यसमा गुनासो

छैन, तर मुलुक यत्रो संकटको जर्जरतामा अगाडि बढिरेको छ । तपाईंहरुले बनाएका ती ट्रष्टहरु सहिद होलान् तर आज ट्रष्टका अध्यक्षहरु, सचिवहरु, सदस्यहरु को छन् एक पटक पढ्नुहोस् पाना ? को छ ? भाइ छ कि, श्रीमान छ कि, भतिजो छ कि, जेठाजु छ कि, अंकल छ कि, काका छ ? यहाँ जेठाजु भन्यो भनेर पिर नमान्नुहोला । यो तपाईंहरुले संचालन गरेका ट्रष्टमा हालेको पैसा जनताको हुनु पर्छ कि पर्दैन ? जनताको अनुमोदन हुनु पर्छ कि पर्दैन ? त्यो ट्रष्ट सबै जनताको हो भन्ने फिलिंग दिनेगरी त्यो ट्रष्ट निर्माण गर्नु पर्छ कि पर्दैन ? केही ठाउँमा छ ? छैन । एउटा ट्रष्टलाई ६० लाख, ५० लाख, ६० लाख, १ करोड हाल्नु भएको छ । अनि त्यही आडमा जोडिएको तपाईंकै घरमा जाने एउटा पुल छ मैले माननीयलाई सम्झन भन्न चाहन्न । एउटा मोटरेवेलको योजनाको म्ए को लागि ५ करोडको राख्नुभएको छ अनि ५० लाख हाल्नु हुन्छ अनि एउटा ट्रष्टका लागि ६० लाख हाल्नुहुन्छ किन विज्ञप्ति ? किन खण्डन ? किन आलोचना ? के तपाईंले बजेट चाहँदा झिक्ने, चाहँदा राख्ने यही हो बजेट ? हिजो अर्थमन्त्रीज्यू बोल्नुभयो, निर्वाचन क्षेत्र विकास कार्यक्रमको बजेट कहीं छैन, अस्ति थपिएको सेतो कितावमा पनि छैन । आयो कि भन्दैथिएँ मैले, रातो कितावमा पनि छैन, बजेट वक्तव्यमा पनि छैन । अनि अर्थमन्त्रीज्यू बोलिदिनुभयो सगौरवका साथ मैले निर्वाचन क्षेत्र विकासको कार्यक्रम तपाईंहरुलाई दिएँ, के तपाईंहरुले दिएको दान हामीले खाने ? के तपाईंले दिए पाउने, नदिए नपाउने ? तपाईंको खल्तीबाट ल्याएर बाँड्दै हुनुहुन्छ त्यो ? अनि तपाईंहरु भन्दै हुनुहुन्छ ट्रष्टमा पैसा हालें, ठिक गरे भन्नु न, राम्रो गरें भन्नु न, हिम्मतका साथ ,बहादुरीका साथ राम्रो गर्यौं, के नेपाली जनताहरु बाहिर विरोध गर्नेहरु नेकपा एमाले संवद्ध जनसम्पर्कका मात्र छन् ? आज आज आम मान्छेले प्रदेशको औचित्यमाथि प्रश्न चिन्ह खडा गरेका छन् । अनि हामी जसले प्रदेशको खारेजको कुरा गर्दैछ त्यही दिशातिर उन्मुख हुँदैछौं अनि कुरामा लोकतन्त्रवादी, कुरामा गणतन्त्रवादी यसरी दुनियाँ चल्दैन । यसकारण फेरी पनि म भन्न चाहन्छु, वास्तवमा यो गण्डकी प्रदेश चालु छलफलमा रहिरहेको बजेट म त अस्ति पनि भनेको थिएँ मुख्यमन्त्रीले क्याविनेट कमाण्ड गर्न सक्नुहुन्न भने बहादुरका साथ हट्नुस् । क्याविनेटको निर्णय एउटा मन्त्रीले मान्दैन भन्ने कुरा संसदमा २० दिन सम्मको तपाईंहरुको संसद अवरुद्धले

देखाएको छैन । अस्ति सेतो किताबमा ४८—४८ करोड बाँड्नुभयो भागवण्डा गर्नुभयो । प्रतिपक्ष त जिम्मेवारीका साथ हामी छलफलमा छौं । फेरी पनि म भन्न चाहन्छु, यो बजेटको औचित्य समाप्त भएको छ । यो बजेट प्राकृतिक स्रोत तथा वित्त व्यवस्थापन आयोगको विपरित हुनु भनेको संविधान विपरित छ, त्यसको निर्देशन विपरित हुनु भनेको संविधानको विपरित छ । यो बजेट अत्यनतै ट्ुक्रामा टुक्रिएर कार्यान्वयन नै गर्न नसक्ने गरी यो बजेट आएको छ । मनपरि तहसनहस तपाईंहरुले यो बजेट राख्नु भएएको छ, अनि भन्दै हुनुहुन्छ मुख्यमन्त्रीको एउटा लेटरप्याडको विज्ञप्तिले बजेट फिर्ता गर्न मिल्ने, राख्न मिल्ने  कुन दुनियाँमा यो हामीले अहिलेसम्म बनाउन नसकेको बजेट मलाई लाग्छ, बजेट सेसनको २ वटा महत्वपूर्ण कुरा हुन्छ— एउटा नीति कार्यक्रम र अर्को सरकारले ल्याएको बजेट । आज टोटालिटीमा सरकारको बजेट असफल भएको छ, फेल हुनु भएको छ। अर्थमन्त्रीज्यू टोटालिटीमा उहाँहरुले हिजो विकास कार्यक्रम मैले थपिदिन्छु, कहीँ देख्नुभएको छ? कहाँबाट ल्याएर थप्नुहुन्छ ? त्यो थप्ने कुरा आउनु पर्दैन ? अनि ट्रष्टमा हालेको करोडमा निकाल्नु अनि हटाइदिए  म लिन्न । अनि गौरवका साथ भन्नु  होस् जे गर्यौं राम्रो गरेका छौं अच्छा गरेका छौं, एकदम प्रदेश प्रगति र उन्नतिको निम्ति अचूक औषधी केही पनि छैन भनेर जानुहोस् न त्यो पनि हिम्मत गर्न नसक्ने अनि तपाईंहरुलाई चाहँदा थप्न नि मिल्ने, नचाहँदा निकाल्न पनि मिल्ने, राख्न नि मिल्ने, हटाउन पनि मिल्ने, दिन नि मिल्ने, नदिन नि मिल्ने यस्तो पनि बजेट हुन्छ ? त्यसकारण बजेट टोटाइलीमा समाप्त भएको छ, यो बजेट असफल भएको छ। मैले त भन्ने गरेको छु, अप्ठ्यारो नमान्नुहोस्, खुलासाथ बरु सहयोग गरौंला संसदमा संशोधन प्रस्ताव प्रतिपक्षले राख्नुहोस् । यो बजेट यो यो कारणले असफल भएको छ एकचोटी समीक्षा गरौं भनेर संसदीय वैठक राख्नोस् र संसोधन प्रस्ताव प्रतिको छलफल गरौंला । त्यसकारण समग्रतामा तपाईंहरुलाई भन्न चाहन्छु, बजेट असफल भएको छ, बजेट असफल भएको छ, बजेट असफल भएपछि सरकारको नेतृत्व गरिरहन मिल्छ कि मिल्दैन ? सरकारमा रहिरहन मिल्छ कि मिल्दैन ? त्यसकारण नेतिकताको प्रश्न छ भने गौरवताका साथ राजिनामा दिनुहोस्, हट्नुहोस् । म फेरी पनि भन्न चाहन्छु, लोकतन्त्रभित्र नीति, मूल्य मान्यता छन्, संस्कारका कुरा छन्, बजेटका पनि विधि नियमहरु छन् जे पायो त्यही

गर्न पाइँदैन । हामीले पनि अनुभव गरेका छौं । भोलिको सरकारलाई, भोलिको ससदलाई अप्ठ्यारो पर्ने काम नगर्नोस् त्यसकारणले मैलै नैतिकताको हिसावले कि संसोधनको प्रस्ताव लिएर आउनुहोस् कि बजेट असफल भएको स्वीकार गरेर तपाईंहरु ढोका खुला गर्ने म तपाईंमा विनम्रताका साथ आग्रह गर्दछु । सभामुख महोदय, मैले धेरै कुरा राख्न चाहन्न २ वटा कुरा मात्र राख्न चाहन्छु । आज मैले पियारी थापाको विहान विज्ञप्ति पढें उहाँले माननीय नरदेवी पुन हुँदा १० लाख रुपैयाँ लिएर जानुभएको रहेछ । ए बाबा ! के यहाँ सर्टेन्ली जे जे कुरा आए, गण्डकी प्रदेश भित्र योगदान गर्ने यति मात्रै होला र ? म मान्छु  कोही जेठाजु पर्छ, कोही बुहारी पर्छ, कोही छोरा पर्छ कोही भतिजो पर्छ डण्टवरी तर मैले भनें, क्रमागत सिँचाई योजना काट्नु भएको छ, खानेपानी योजना त्यहीं उहाँको छेउमा जोडिएको देउरालीमा ६ लाख हाल्नुहुन्छ, उहाँकै गाउँमा जाने मोटरेवल पुलमा ५० लाख  हाल्नुहुन्छ अनि वर्षैपिच्छ ४० र ५० लाख एउटा ट्रष्टमा पैसा हालेर अनि तपाईंहरु परिवर्तनको कुरा, संघीयताको कुरा, लोकतन्त्रको कुरा, निष्ठाको कुरा गर्न मिल्दैन त्यसकारण सरकारलाई जवाफदेही पूर्ण ढंगले आफ्नो प्रस्तुतिका साथ बढ्नका लागि म अपिल गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय पियारी थापा**

माननीय सभामुख महोदय, यतिबेला हामी गण्डकी प्रदेशको विनियोजन विधेयक मन्त्रालयगत शीर्षकमा हामी छलफलको क्रममा जुटेका छौं । आजको छलफलको विषयवस्तु ४ वटा मन्त्रालयसँग सम्बन्धित रहेको छ । अहिले ४ वटा मन्त्रालयको सम्बन्धित रहेको खर्च शीर्षकमा छलफलको क्रममा भन्दा पनि अहिले मन्त्रालयसँग छलफल गर्ने मन्त्रीहरुसँग जवाफ माग्ने र सरकारसँग जवाफ माग्ने भन्दा पनि सांसद—सांसदहरु प्रति कटाक्ष, व्यंग्य गरेर नहुने कुरामा मन्त्रीलाई झैं गरेर प्रश्न सोध्ने, जवाफ माग्ने त्यस्तो खालको प्रवित्ति बढिरहेको छ, त्यो अत्यन्त गलत प्रवृत्ति हो । यो सरकारले बनाएको बजेट हो, सरकारले बनाएको बजेटको जवाफदेही

सरकार—सरकार हुन्छ, सांसदहरु हुँदैनन् । सांसदहरुले त त्यो क्षेत्रको समस्याको विषयहरु अगाडि लैजाने हो त्यो ठाउँमा बजेट कति आवश्यक पर्छ बजेट विनियोजन गर्ने काम सम्बन्धित मन्त्रालयको मन्त्रीहरुको काम हो । त्यसकारणले गर्दा मन्त्रीहरुले बोलाउने मन्त्रीहरुसँग प्रश्न राख्ने कुरा एकातिर छ । यो सांसदले सांसदलाई प्रश्न राख्ने कुरा एकातिर छ, तर सांसदले सांसदलाई प्रश्न उठाउने कुरा कहाँको नियम र कुन विधि प्रविधिमा छ ? म प्रश्न राख्न चाहन्छु ।

माननीय सभामुख महोदय, सर्वप्रथम त यहाँ मसँग सम्बन्धित रहेर मैले यहाँ आफ्ना विषयहरु उठाउने कुरा भन्दा पनि यो विषयमा आफ्ना भनाईहरु राख्नु भन्दा पनि केहि विषयहर्रु उठेका छन म सँग संवन्धित रहेको छ ती विषयवस्तुहरुलाई प्रष्ट पार्न चाहन्छु । सभामुख महोदय, हुन त म मन्त्री त होइन, मैले मन्त्रीको ओहदा बसेर त्यो खालको जवाफ दिने मसँग अथोिरिटी छैन र मसँग आएका केहिविषयवस्तुहरु छ,न त्यसलाई प्रष्ट पार्न जरुरी छ । नभए यसले भयंकर एकखालको भ्रमहरु सृजना गर्ने कुराहरु छ । अहिले मैले विभिन्न पत्रपत्रिकामा देख्छु, माननीहरुको मुखबाट पनि मैले के सुनेको छु भने, एकातिर संघीयताको विरोध गर्ने, अर्कोतिर विकास बजेट माग्ने । के विकास बजेट गर्ने कुरा, संघीयताधारीहरुको मात्रै हो ? त्यो ठेक्का संघीयताधारीले मात्रै ल्याएका हुन् ? तपाईंहरुले मात्रै त्यो विकास गर्नु हुन्छ भन्ने कुन संविधानमा लेख्याछ ? त्यो कुरा तपाईहरुलाई हेक्का छ कि छैन ? संघीयता विरोधीहरुले विकास बजेट नमाग्ने कुरा त्यो प्रावधान कहाँ छ ? त्यो कुराहरु यहाँ राख्नका लागि म अनुरोध गर्न चाहान्छु । तपाईंहरुले मात्रै त्यो खालको विकास बजेट लिन सक्नुहुन्छ भन्ने कुन संविधानमा लेखेको छ ? त्यो कुरा हेक्का छ कि छैन ? संघीयता विरोधीहरुले पनि विकास माग्न त्यो नसक्ने कुराको प्रावधान कहाँ छ ? त्यो कुराहरु यहाँ राख्नको लागि मैले अनुरोध गर्न चाहन्छु । संघीयता विरोध गर्यो भन्दैमा विकास बजेट तथा जनतासँग जोडिने कुरामा त्यो गलत हो ? त्यो अपराध हो ? अपराध हो भने किन अपराधीकरण गरिदैछ । म यहाँ पनि यो गम्भिर प्रश्न यहाँनिर राख्न चाहन्छु ।

माननीय सभामुख महोदय, विभिन्न समयमा एउटा सन्दर्भमा एउटा परिकल्पना गरिएको होला । यो आ.व. को प्रकाशित कार्यक्रम काढेखोला गा.पा.मा सांकृतिक भवन भनेर बजेट ६० लाख छुट्याइएको छ । त्यो ६० लाख रकमलाई अहिले विभिन्न मिडियाले प्रचार प्रसार गर्ने काम के गरेको छ भने १ करोड २० लाख रुपैया यो १ करोड २० लाख होइन त्यो ६० लाख बजेट त्यो संवन्धित मन्त्रालयले विनियोजन गरेको छ । त्यो विनियोजन गरेको बजेटले त्यहाँको संग्रहालय भवन बनाउने कुरा हो, त्यहाँ मलाई संरक्षक भनेर भनिएको छ । यो संरक्षकमा मेरो हाल कुनै भूमिका छैन त्यसमा । एउटा परिकल्पना गर्ने सन्दर्भमा हाम्रो भूमिका थियो होला, तर अहिले कुनै पनि भूमिकामा म छैन । यस्ता वाइयात कुरा यस्ता मिथ्या कुराहरु लिएरु यहाँ संसदमा गर्ने कुराहरु त्यो सही होइनन् । त्यसकारण यस्ता विषयहरुमा खोजविन गरेर मात्रै संसदमा बोल्नका निम्ति अनुरोध गर्न म चाहन्छु । आरोपका लागि आरोप होइन, साँच्चिकै त्यस्तो कुरामा आरोप गर्ने हो भने त्यो सस्थाले गरेको गलत प्रवृति यदि छ भने लिएर आउनुस् । यदि त्यो संस्थाले त्यो रकम हिनामिना गरेको रहेछ भने अथवा त्यो रकमको भ्रष्टाचार रहेछ भने त्यसको प्रमाण लिएर आउनुस् न । म विनम्रका के आग्रहका साथ भन्न चाहन्छु भने, विभिन्न मिडियाकर्मी, संसदीय पत्राकार मंच नागरिक समाजलाई के अनुरोध गर्न चाहन्छु भने, उक्त क्षेत्रमा छुट्याइएको बजेट विगतका बजेटले गरेका नराम्रा गतिविधि, यदि भ्रष्टाचार गरेको रहेछ भने, अनियमिता गरेको रहेछ त्यो विषय यहाँ ल्याउनका निमित्त मैले विनम्रताका साथ अनुरोध गर्न चाहन्छु । अर्को कुरा जुन खालको विनियोजित बजेट हामीलाई थाहा छ, हामीले गलत प्रवृत्तिको विषय आवाज उठाउँछौ । म अहिलेको सरकारले सबै राम्रो गरेको छ भनेर म भन्न सक्दिन । मैले त्यो भनेको पनि छैन किनभने अहिले विभिन्न प्रकारको गलत गतिविधिहरु भका छन त्यो गलत गतिविधिहरुबाट न पूर्वको सरकारलाई छुट थियो न अहिलेको सरकारलाई छुट छ ? त्यो सरकारलाई छुट छैन । अहिलेका बजेटहरु सबै हेर्ने हो भने अनुत्पादिक क्षेत्रमा लगानी भइरहेको छ तर त्यो कला साहित्यक संगीतलाई जुन खालको जगेर्ना गर्ने, उत्थान गर्ने, त्यसको विकास गर्ने, प्रवृत्ति गर्ने त्यसलाई एउटा पर्यटन परिधिसँग जोड्न विभिन्न देशका वाद्ययन्त्र संकलन गर्ने भनेर जुन उद्देश्यका साथ स्थापना भएको थियो, त्यो संस्था स्थापना

भएको थियो त्यो संस्थाले विगतको सूचनालाई, त्यो प्रस्तावलाई  टेकेर वहाँहरुले प्रस्ताव गर्नुभएको थियो । त्यो प्रस्ताव पेश भएका आधारमा माननीय अर्थमन्त्रीज्यूले त्यो बजेट विनियोजन गरिदिनु भएको थियो त्यो सही हुने अनि अहिले पनि त्यहाँ कतिपय कुराहरु  होलान् ती सच्चिने कुरामा म प्रतिवद्धता जाहेर गर्न चाहन्छु। तर त्यहाँ गलत गतिविधिहरु भएको रैछ त्यो खालको संस्थाले आज मलाई मन लागेर स्थापना गरेको हो र ? त्यो त निरन्तर हिजो १३—१४ वर्षदेनि निरन्तर चलिरहेको थियो, त्यतिखेर म सांसद थिएन होला नि त । त्यसकारणले गर्दा यस्ता कुराहरु गर्दा विकास र समृद्धीसँग जोडिने कुरामा यो फलानावादीले त्यो गर्ने संघीयताको विरोधीले नगर्ने भन्ने खालको जुन विवाद भइरहेको छ यो सरासर अपराध हो । त्यसकारण यसप्रति ध्यान दिनका निमित्त म हार्दिक अनुरोध गर्दछु ।

माननीय सभामुख महोदय, खर्च शीर्षक नं. ३१.९ मा रहेको सांस्कृतिक संग्रालयमा जुन बजेट विनियोजन भएको छ, त्यो बजेट हामीलाई चाहिन्छ भन्ने हाम्रो मान्यता होइन । त्यहाँका जनताहरुले त्यहाँका स्थानीय जनताहरुले, संस्थाहरुले त्यो माग अनुसार विनियोजन भएको थियो। त्यो भन्दा अरु महत्वपूर्ण अरु हुन सक्छन्, स्वास्थ्य र शिक्षा अहिलेको महत्वपूर्ण प्राथमिकता हुन सक्छ र पर्यटन पनि त हाम्रो महत्वपूर्ण अंग हो । पर्यटन हामीले महत्वपूर्ण हो भन्दनौं ? पर्यटन पनि महत्वपूर्ण हो । शिक्षा स्वास्थ्यलाई बढी ध्यान दिनुपर्छ, तर पनि शिक्षा स्वास्थ्यलाई बढी ध्यान दिनूपर्थ्यो त्यो हुन सकेको छैन । मैले माननीय सभामुखज्यु मार्फत माननीय मन्त्रीज्यूलाई के अनुरोध गर्न चाहन्छु भने, उक्त रकम, यो किनभने त्यो सांस्कृतिक संग्रहायलय त्यो समुदायको हो, त्यो समुदायको अपनत्व ग्रहण गरेको त्यो समुदायको प्रोपर्टी हो, त्यो समुदायको प्रोपर्टीलाई समुदायले नै त्यो जिम्मेवारी लिन्छ कि भोलि त्यो निर्माणाधिन भएको त्यो संहलायको भवन त्यो ३ तलको निर्माणाधिन संग्रहालयको भवन त्यो समुदायले नै जिम्मा लिएर त्यो निर्माण हुने कुरा यहाँनिर राख्न चाहन्छु । त्यो समुदायलाई अपनत्व हुनेगरी त्यसलाई निर्माण गर्ने कुरालाई त्यो समुदायले नै लिन्छ लिने जानकारी गराउन चाहान्छु ।  त्यो ठाउँमा विनियोजन भएको बजेटलाई उक्त ठाउँलाई नै स्वास्थ्य चौकी भवन निर्माण हुन आवश्यक छ त्यो स्वास्थ्य

चौकीको निर्माणका निमित्त खर्च गरिदिनु हुन म अनुरोध गर्दछु । त्यो शिर्षकको त्यो स्वास्थ्य चौकीको निर्माणको निमित्त म  अनुरोध गर्दछु ।

माननीय सभामुख महोदय, अहिले हामी हेर्दैछौं, दाँत कोट्याउने सिंखा देखि लिएर  र एउटा लुगा सिलाउने सियो देखि लिएर पूरा रकम आयात गरिरहेका छौ । त्यस्ता रकमहरु आयात गर्ने कुरालाई निर्यात गर्ने कुरालाई रोक्नका निमित्त गण्डकी प्रदेश सरकारले पनि त्यो खालको उद्योग खोल्नका लागि ध्यान दिइयोस् भन्दै मेरो आफ्नो छोटो भनाई  यहाँ अन्त्य गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो वैठक मिति २०७९ साल असार २९ गते बिहान ११ः:00 बजेसम्मको लागि स्थगित हुन्छ ।